# लेखापरीक्षण प्रतिवेदन

# शुक्लागण्डकी नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# शुक्लागण्डकी नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/590

श्रीमान् प्रमुखज्यू,
शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दुलेगौंडा, तनहुँ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/590

मिति : २०८३-१-२८

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्रीमान् प्रमुखज्यू,
शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दुलेगौंडा, तनहुँ।

## १. कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पालिकाबाट पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय व्यय तर्फ रु. २ अर्ब ३७ करोड २३ लाख ५६ हजारको लेखापरीक्षण गरिएकोमा रु. ४ करोड ७५ लाख ४१ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ९ हजारको सम्परीक्षण भई असुल गर्नुपर्ने रु. १ करोड ९३ लाख १९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९७ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ७० लाख ७३ हजार र पेस्की बाँकी रु. १३ लाख ७२ हजार समेत यस वर्षको बाँकी बेरुजु रु. ४ करोड ७५ लाख ३२ हजार (लेखापरीक्षण अङ्कको २.०० प्रतिशत) रहेको छ। गत वर्षसम्म रु. २० करोड २७ लाख २६ हजार बेरुजु बाँकी रहेकोमा यस वर्षको थप समेत हालसम्मको अद्यावधिक बाँकी कुल बेरुजु रु. २५ करोड २ लाख ५८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता राख्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

## ३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण

सरकारमा रहेको छ। नगरकार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | ६३ | ४,७५,४०,८८० | ० | ४ | ८,९२५ | ० | ५२ | ५९ | ४,७५,३१,९५५ | १,९३,१९,४०९ | १,९७,६७,६९८ | ७०,७२,८११ | ० | ० | २,६८,४०,५०९ | १३,७२,०३७ |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | २०,२७,२६,२०८ | ० | ० | २०,२७,२६,२०८ | ० | ४,७५,३१,९५५ | २५,०२,५८,१६३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको बेहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण | | | | |
| १ | २०८१/८२ | ३१ | दोहोरो भुक्तानी: | ८,९२५ |
| जम्मा | | | | **८,९२५** |

# शुक्लागण्डकी नगरपालिका, तनहुँ

# ( ८०४३८४०४३०० )

# शुक्लागण्डकी नगरपालिका , तनहुँ

# परिचय

१ **परिचयः**

**क) कार्यालय परिचय:-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ।

**ख) लेखापरीक्षणको उद्देश्य:-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**ग) लेखापरीक्षणको क्षेत्र र अवधि:-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।०२ देखि २०८२।०८।०८ सम्म रहेको छ।

**घ) लेखापरीक्षण विधि:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**ङ) लेखापरीक्षणको सीमा:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. २ अर्ब ३७ करोड २३ लाख ५६ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन्।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३२१२५.०० असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | खाजा भत्ता बापत बढी भुक्तानी भएको रकम असुल भई दाखिला गरेको प्रमाण पेस | ३५००.०० |
| २ | बोलपत्र स्वीकृत भए पश्चात् सम्झौता गर्न नआएको बोलपत्रदाताको बोलपत्र जमानत बापतको रकम असुल भई दाखिला गरेको प्रमाण पेस | २८६२५.०० |
| | जम्मा | ३२१२५.०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तपशिल बमोजिम रहेको छ।

| शुक्लागण्डकी नगरपालिका | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक वर्ष २०८१/०८२ | | | | | |
| आर्थिक कारोबारको एकीकृत विवरण | | | | | |
| प्राप्ति | | | भुक्तानी | | |
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **मुल मौज्दात** | | | **चालु खर्च** | ५५२३०४१४६.३१ | |
| १.संचित कोष | ६४८८३४६४.५४ | | **पूँजीगत खर्च** | ३४३०१९४८३.३५ | |
| २.बेरुजु | १३३४७७९३.३५ | | जम्मा | ८९५३२३६२९.६६ | ८९५३२३६२९.६६ |
| ३.कार्यसञ्चालन कोष | ११९२४७८८.१७ | | अन्तर सरकारी अख्तियारी संघ | २६९२२६२७९.२७ | २६९२२६२७९.२७ |
| ४. अन्य कोष | ०.०० | | अन्तर सरकारी अख्तियारी प्रदेश | ०.०० | |
| जम्मा | ९०१५६०४६.०६ | ९०१५६०४६.०६ | सडकबोर्ड नेपाल | ४२६८०४७.०० | ४२६८०४७.०० |
| **यस वर्षको आय** | | | **धरौटी फिर्ता तथा सदर स्याहा** | ९४६३०८३.०० | ९४६३०८३.०० |
| **१.आन्तरिक आय** | १२९४९०४५१.१३ | १२९४९०४५१.१३ | **कार्यसञ्चालन कोषबाट भएको** | २६४२९८८.३० | २६४२९८८.३० |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | | | | |
| क) समानीकरण अनुदान | १३२६८४९६०.०० | | **अन्य कोषबाट भएको खर्च** | ०.०० | |
| ख) राजस्व बाँडफाँट | ११६८८९६४४.०८ | | **गैससबाट सञ्चालित योजना** | ०.०० | |
| ग) सशर्त अनुदान | ४२८९२९५३५.०५ | | **अन्य सहकार्यमा सञ्चालित योजना** | ०.०० | |
| घ) समपुरक अनुदान | ९५५९५१२.०० | | | | |
| ङ) विशेष अनुदान | ४०२१५४२.०० | | **अन्तिम मौज्दात** | | |
| जम्मा | ६९२०८५१९३.१३ | ६९२०८५१९३.१३ | १. संचित कोषको मौज्दात | ६८६६५५९३.२० | |
| यस वर्षको धरौटी आम्दानी | १२५८५८४०.३० | | २. धरौटी | १६३७०५५०.६५ | |
| सडकबोर्ड नेपाल | ४२६८०४७.०० | | ३. विविध खर्च खाता | १३४६२७२.०४ | |
| जिल्ला समन्वय समिति | ३५००००.०० | | ४. स्थानिय तह विविध कोष खाता | १११३५८८८.३८ | |
| छ) रोयल्टी कर | ४११.४४ | | ५. स्थानीय तह प्रकोप व्यवस्थापन | ३०४५९१४.९६ | |
| जम्मा | १७२०४२९८.७४ | १७२०४२९८.७४ | जम्मा | १००५६४२१९.२३ | १००५६४२१९.२३ |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | | | | |
| क) समानीकरण अनुदान | २००५९०००.०० | | | | |
| ख) राजस्व बाँडफाँट सवारी साधन | १७५००२८५.०७ | | | | |
| ग) सशर्त अनुदान | ०.०० | | | | |
| घ) समपुरक अनुदान | ५४११०००.०० | | | | |
| ङ) विशेष अनुदान | ०.०० | | | | |
| जम्मा | ४२९७०२८५.०७ | ४२९७०२८५.०७ | | | |
| च) घर जग्गा रजिष्ट्रेशन | १७८१८६०७.०६ | | | | |
| छ) स्थानिय सडक बाँडफाँड | ६४३२९४९.०० | | | | |
| जम्मा | २४२५१५५६.०६ | २४२५१५५६.०६ | | | |
| **४. अन्तर सरकारी अख्तियारी** | | | | | |
| क) सामाजिक सुरक्षा | २६५४०१२७९.२७ | | | | |
| स्वास्थ्य सुधार कार्यक्रम | ३८२५०००.०० | | | | |
| जम्मा | २६९२२६२७९.२७ | २६९२२६२७९.२७ | | | |
| **५. अन्तर सरकारी अख्तियारी** | ०.०० | | | | |
| **६. ऋण/ वित्तीय व्यवस्था** | ०.०० | | | | |
| **७. धरौटी आय** | ०.०० | | | | |
| **८. कार्यसञ्चालन कोष आय** | ७६९९४५.०० | | | | |
| **जनसहभागिता** | १०२१९४११.४९ | | | | |
| **९. अन्य कोषको आय** | ३५२५०००.०० | | | | |
| **जम्मा** | १४५१४३५६.४९ | १४५१४३५६.४९ | | | |
| **११. जिल्ला प्रशासनबाट प्राप्त रकम** | ३०००००.०० | | | | |
| **विविध खर्च खाताको आम्दानी** | १२८९६८०.५१ | | | | |
| **जम्मा** | १५८९६८०.५१ | १५८९६८०.५१ | | | |
| **जम्मा** | १२८१४८८१४६.४६ | १२८१४८८१४६.४६ | **जम्मा** | १२८१४८८२४६.४६ | १२८१४८८२४६.४६ |

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ।

पालिकाको आर्थिक कारोबारको एकीकृत विवरण सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न अनुसार छन्।

२.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्र मार्फत सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष संघ तथा प्रदेश सरकारबाट बजेट प्राप्त अन्तरसरकारी हस्तान्तरण अन्तर्गतका तपशिल बमोजिम रू. २६ करोड ९२ लाख २६ हजारको कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजन रु. | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | २६६७२२८०० | २६५४०१२७९.२७ | संघीय सरकार |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३८२५००० | ३८२५००० | संघीय सरकार |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३८८६००० | ० | संघीय सरकार |
| ४ | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | १५०००० | ० | प्रदेश सरकार |
| ५ | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | ४०००००० | ० | प्रदेश सरकार |
| | जम्मा रकम रु. | २७८५८३८०० | २६९२२६२७९.२७ | |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **खर्च विश्लेषणः** पालिकाले यस वर्ष गत वर्षको बाँकी मौज्दात रु. ९,०१,५६,०४६.०६, आन्तिरक आयबाट रु. १२,९४,९०,४५१.१३, राजस्व बाँडफाँड र विभिन्न अनुदान (अन्य आय र अन्तरसरकारी हस्तान्तरण समेत) बाट रु. १,०६,१८,४१,६४९.२७ गरी जम्मा रु. १,२८,१४,८८,१४६.४६ आम्दानी प्राप्त गरेकोमा चालु तर्फ रु. ५५,२३,०४,१४६.३१, पुँजीगत तर्फ रु. ३४,३०,१९,४८३.३५ र अन्य खर्च रु. २८,५७,००,२९७.५७ समेत रु. १,१८,१०,२३,९२७.२३ खर्च भएको छ। कुल खर्चमा पालिकाको आन्तरिक आयको हिस्सा १०.९६ प्रतिशत मात्र रहेको छ। यस वर्ष पदाधिकारी सुविधामा रु. १७४४८२४७ खर्च भएको छ जुन आन्तरिक आयको १३.५० प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै समानीकरण अनुदान र राजस्व बाँडफाँटको कुल रकम रु. ३१,१३,८५,४४५.२१ बाट चालु खर्चको लागि ५६.३८ प्रतिशत मात्रै स्रोत पुग्ने देखिन्छ भने पालिकाले प्राप्त गरेको सबै समानीकरण अनुदान र राजस्व बाँडफाँटको कुल रकमको तुलनामा ११०.१६ प्रतिशत पुँजीगत खर्च भएको देखिन्छ। यसबाट पालिकाको चालु प्रकृतिका प्रशासनिक कार्यक्रममा पुँजीगत खर्चको तुलनामा झण्डै दोब्बर बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकमका साथै आन्तरिक स्रोतको अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

२.३ **मौज्दातको अवस्थाः** पालिकाको सञ्चित कोषको मौज्दातले यसको आर्थिक अवस्थालाई दर्शाउँदछ। आर्थिक वर्ष ०७९।८० मा पालिकाको सञ्चित कोषको अन्तिम मौज्दात रु. ११ करोड ६८ लाख ३२ हजार रहेकोमा ०८०/८१ मा रु. ६ करोड ४८ लाख ८३ हजार र ०८१/८२ मा रु. ६ करोड ८५ लाख ६६ हजार रहेको छ। पछिल्लो तीन आर्थिक वर्षमा पालिकाको सञ्चित कोषको मौजदात करिब रु. ५ करोडले घटेको देखियो। पालिकाले बजेट बिनियोजन गर्दा मौजदात रकमबाट खर्च गर्ने गरी समेत कार्यक्रम थप गरेको कारण मौजदात घट्दै गएको देखिन्छ। सञ्चित कोषको मौज्दातको न्यूनतम रकम आर्थिक संकटको समयमा उपयोगको लागि जगेडाको रुपमा रहने गरी वास्तविक सालबसाली आम्दानीका आधारमा खर्च गर्ने गरी वार्षिक बजेट विनियोजन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| पछिल्लो तीन आर्थिक वर्षको सञ्चित कोषको अन्तिम मौज्दात विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | आर्थिक वर्ष | मौज्दात रु. | कैफियत |
| १ | ०७९।८० | ११६८३१५४२.९२ | |
| २ | ०८०।८१ | ६४८८३४६४.५४ | |
| ३ | ०८१।८२ | ६८५६५५९३.२ | |

३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका बेहोरा निम्न छन्।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पतिको संरक्षण गर्नुपर्ने र त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राख्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको,

• कतिपय सन्दर्भमा भ्रमण अभिलेख नै नराखी भ्रमण जाने गरेको देखिएको,

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता नराखेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँ भन्दा बढीको खरिद गर्नु पर्ने भएमा आगामी आ.व.को लागि अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै पनि कारबाही नभएको,

• पालिकाबाट सञ्चालन भएका विभिन्न आयोजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वा अद्यावधिक नवीकरण भएको सम्बन्धमा कुनै पनि अभिलेख नराखेको,

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(४) बमोजिम नगदै प्राप्त भएको राजस्व रकम दैनिक रुपमा बैङ्क खातामा दाखिला गर्नुपर्नेमा नियमावलीको उक्त व्यवस्था पालना नभएको,

• बेरुजुको अद्यावधिक लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको म.ले.प. फाराम नं. ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये पालिकासँग सम्बन्धित फाराममा तोकिए बमोजिम बेरुजुको अभिलेख नराखेको,

• कतिपय अवस्थामा म.ले.प. फाराम नं. ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म.ले.प. फाराम नं. ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत सम्बन्धमा अद्यावधिक अभिलेख नराखेको,

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा बिजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिबाना तिर्नुपर्ने अवस्था आउन दिन नहुने तर्फ पालिकाले ध्यान दिनु पर्नेमा सोको पालना नभएको,

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन बापतको रकम भुक्तानी दिनु पर्नेमा त्यसो नगरेको,

• पालिकाको विभिन्न शाखा र वडा कार्यालयमा रहेका जिन्सी सामानको एकीकृत विवरण तथा जिन्सी खाता अद्यावधिक नगरेको तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम मालसामानको मर्मत तथा लिलाम नगरेको,

• कर्मचारीलाई कुनै पदमा पदस्थापन गर्दा निजामती सेवा ऐन, २०४९ को दफा ५ बमोजिम त्यस्तो पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटान गरिएको कार्य विवरण र सो कार्यविवरण अनुसारको कामको मूल्याङ्कन गर्ने सूचकाङ्क समेत उपलब्ध गराउनुपर्नेमा नगरेको,

• पालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार नगरेको कारण गत विगतका पेश्की तथा बेरुजु हराउने वा छुट्न सक्ने देखिएको,

उपरोक्त बुँदाहरु समेतलाई ध्यान दिई पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ गर्नुपर्दछ।

## ४ आन्तरिक लेखापरीक्षणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै तोकिए बमोजिम फछ्र्यौट गर्नुपर्ने उल्लेख छ। पालिकाको आम्दानी र खर्चका कारोबार तथा कोषहरु सम्बन्धमा ऐनमा उल्लेख भए बमोजिम नियमित रुपमा आन्तरिक लेखापरीक्षण भएको पाइएन। पालिकाको आर्थिक वर्ष ०८१।८२ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण प्रतिवेदन २०८२।०६।२८ मा पेश भएको छ। नियमानुसार आन्तरिक लेखापारीक्षण गर्ने तथा आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरु उपर आवश्यक कारबाही गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५ **बजेट व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१/०३/०७ मा रु. १ अर्ब २४ करोड ११ लाख ०९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१/०३/२७ मा पारित भएको छ। यसैगरी पालिकाका अध्यक्षले मिति २०८१/०४/०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | २७२५५९७१ | १९५४४११२ | ७१.७१% |
| २ | सामाजिक विकास क्षेत्र | ४४९०५६५३८ | ४०७२५९९०० | ९०.६९% |
| ३ | पूर्वाधार विकास क्षेत्र | ५६६७२२२१७ | ३०९६२५२९६ | ५४.६३% |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५१८६०४७३ | ३६५६००६८ | ७०.५०% |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | १४६२१३८०१ | १२२३३४१५४ | ८३.६७% |
| | **कुल जम्मा** | १२४११०९००० | ८९५३२३५३० | ७२.१४% |

पालिकाको क्षेत्रगत वार्षिक बजेटको विवरण अनुसार पूर्वाधार विकासमा सबैभन्दा कम ५४.६३ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ९०.६९ प्रतिशत खर्च भएको देखिन्छ। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायत क्षेत्रका कार्यक्रममा जोड दिँदै विनियोजन अनुसार पुँजीगत खर्च गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

७ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय/व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न शिर्षकमा एकमुष्ट रुपमा अबण्डा बजेट विनियोजन गरी कार्यपालिको निर्णयबाट तपशिल बमोजिम रु. ६७८१७४९.०० अर्थत पालिकाको आन्तरिक आयको ५.२४ प्रतिशत खर्च लेखेको छ। यसरी बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रचलनमा नियन्त्रण हुनुपर्दछ।

| अबण्डा बजेट र प्रमुख खर्चका विवरणहरु | | | | |
|---|---|---|---|---|
| क्र. सं . | अबण्डा बजेटबाट खर्च विवरण | बजेट रु. | खर्च रु. | कैफियत |
| १ | नागरिकसँग नगरपालिका | ४०००००० | ३८५०७४९ | |
| २ | युवासँग नगरपालिका | ३०००००० | २९३१००० | |
| | जम्मा रु. | ७०००००० | ६७८१७४९ | |

## ८ आयोजनाको प्राथमिकीकरण -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका लागि गरिबी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी दिगो विकास, वातावरण संरक्षण र भाषिक तथा सांस्कृतिक विकास लगायतका आधारहरू उल्लेख गरेको छ। स्थानीय तहले सोही अनुसार प्राथमिकताको आधारमा आयोजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ५६४ आयोजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | आयोजनाको विवरण | संख्या | रकम रु. |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमका | ७५ | ३९०२९३५ |
| २ | रु. १ लाख देखि ५ लाखसम्मका | ३७१ | ७६६६२१७४ |
| ३ | रु. ५ लाख देखि २० लाखसम्मका | ११६ | ७५४५५४२८ |
| ४ | रु. 20 लाख देखि ५० लाख सम्मका | २ | ४४००००० |
| ५ | रु. ५० लाख भन्दा माथिका | - | - |
| | जम्मा | ५६४ | १६०४२०५३७ |

उपर्युक्त विवरणअनुसार पालिकाले अधिकतर साना र वितरणमुखी आयोजनाहरु सञ्चालन गरेको देखिन्छ। स्थानीय स्तरमा समुदायको आवश्यकताको आधारमा साना आयोजनाहरु सञ्चालन गर्दा सञ्चालित आयोजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त हुनुका साथै लागत प्रभावी हुने तथा निर्माण कार्यको गुणस्तर समेत कायम हुने गरी सञ्चालन गर्नुपर्दछ। वस्तुनिष्ठ तवरले आयोजनाको प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## ९ त्रैमासिक पुँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष पालिकाको त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| न.पा. पुँजीगत | २२४००८२३७ | १३६७६६८७ | २६१४९४५४ | ६०८१०१५१ | १२३३७१९४५ | ६८०६६०७१ |
| संघबाट हस्तान्तरित | ११३६००२४६ | १७६९६३५४ | ७६८००० | ३०२३८२६१ | ६४८९७६३१ | ४१११२०१० |
| प्रदेशबाट हस्तान्तरित | ५४११००० | - | - | २४१६७४६ | २९९४२५४ | २९९४२५४ |
| **जम्मा खर्च** | ३४३०१९४८३ | ३१३७३०४० | २६९१७४५४ | ९३४६५१५८ | १९१२६३८३० | ११२१७२३३५ |
| **खर्च प्रतिशत** | **१००.००%** | **९.१५%** | **७.८५%** | **२७.२५%** | **५५.७६%** | **३२.७०%** |

पालिकाको आर्थिक विवरण अनुसार यस वर्ष पालिकाले जम्मा रु. ३४ करोड ३० लाख १९ हजार पुँजीगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु. ३ करोड १३ लाख ७३ हजार (९.१५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २ करोड ६९ लाख १७ हजार (७.८५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ९ करोड ३४ लाख ६५ हजार (२७.२५ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १९ करोड १२ लाख ६४ हजार (५५.७६ प्रतिशत) खर्च गरेको देखिएको छ। पालिकाले आषाढ महिनामा मात्र रु. ११ करोड २१ लाख ७२ हजार (३२.७०

प्रतिशत) खर्च गरेकोले वर्षान्तमा आएर खर्चको चाप बढेको देखिँदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने तथा तरलता व्यवस्थापनमा समेत चाप पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप कार्यक्रम कार्यान्वियन गरी आर्थिक वर्षको अन्त्यमा आएर अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१० **सहकारी संस्थाको सञ्चालन र नियमनः**

पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका सहकारीहरुको सञ्चालन सम्बन्धमा अनुगमन तथा नियमन गरी चुस्त रुपमा सञ्चालन हुने वातावरण सुनिश्चित गर्नुपर्दछ। यस पालिकाको अभिलेख तथा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस पालिकामा ५१ सहकारी संस्था दर्ता रहेकोमा २१ वटाले नियमित कोपोमिस अद्यावधिक गरेका छन्। पालिकाम रहेका २५ सहकारीले नियमित रुपमा पालिकामा विवरण पेश नगरेको जानकारी पालिकाले दिएको छ। पालिकामा अस्तित्वमा रहेका ५१ वटा सहकारीमा ५२२०० शेयर सदस्यको कुल शेयर पुँजी रु. ५२१७५७३००.०० रहेकोमा हालसम्मको बचत निक्षेप रकम रु. ७६४१५०६८१६.०० रहेको छ। पालिकामा रहेका सहकारीमध्ये एक वटा सहकारी समस्या ग्रस्त रहेको र सहकारी संस्थाहरुले रु. १९०७८८६९४७.०० ऋण प्रवाह गरेको जानकारी पालिकाले दिएको छ भने ऋणीहरुको संख्या, भाखा नाघेको ऋणी तथा ऋण रकम लगायत विषयमा पालिकाले कुनै पनि विवरण उपलब्ध नगराएको कारण यस विषयमा विश्लेषण गर्न सकिएन। आफ्नो क्षेत्रभित्रका सहकारी संस्थाहरुको समग्र विवरणहरु अद्यावधिक रुपमा राख्न र पालिकामा समेत पेश गर्न लगाई सहकारी संस्थाहरुको सघन रुपमा अनुगमन र नियमन गर्नेतर्फ पालिका गम्भीर भएर लाग्नुपर्दछ।

११ **सहकारी संस्थालाई पुँजिगत निर्माण अनुदानः**

पालिकाले बजेट विनियोजन गर्दा स्थानीय श्रम र सीपमा आधारित रोजगारमुखी र आयआर्जन हुने प्रकृतिको कार्यक्रमहरुमा स्रोत परिचालन गर्नुपर्नेमा नाफामूलक संस्थाको रुपमा सञ्चालित कोटकालिका साना किसान कृषि उत्पादन सहकारी संस्था लि. को भवन निर्माण वापत रु. ५ लाख विनियोजन गरी गो.भौ.नं. ११-२०८१।०६।०७ बाट रु. ४९८८८७.०० (रु. २५०००.०० नगद सहभागिता बाहेक) भुक्तानी गरेको पाईयो । मिति २०८१।०३।२० को १४औँ नगर सभाबाट कृषि सहकारी भएको, किसानसँग प्रत्यक्ष जोडिएको र स्थानीयको कृषि उपज संकलन केन्द्रको रुपमा रहेको हुदा भवन निर्माणको लागी कार्य सम्पन्न अनुसार भुक्तानी दिने निर्णय गरी नागरिकसँग नगरप्रमुख कार्यक्रमबाट खर्च लेख्ने गरी सहकारी संस्थाको भवन निर्माण कार्यका लागी रकम भुक्तानी गरेको पाईयो । सहकारी संस्थाको सम्पत्ति तथा आम्दानीमा सोही संस्थाका सेयर सदस्यको हक अधिकार रहने हुदा भविष्यमा उक्त संस्था खारेजीमा परेमा वा विघटन भएमा पालिकाको उपलब्ध गराएको अनुदानबाट निर्मित संरचनाको स्वामित्वमा पालिकाको हक अधिकार के हुने भन्ने सम्बन्धमा स्पष्ट निर्णय र सो सम्बन्धी सम्झौता बेगर यसरी नाफामूलक संस्थालाई भवन निर्माण बापत भुक्तानी गर्नु कानुनसम्मत देखिदैन । पालिकाले निजि क्षेत्रका संस्थालाई सहयोग उपलब्ध गराउदा सो संस्थाबाट प्राप्त हुने प्रतिफलको वितरण, नागरिकले पाप्त गर्ने सुविधा, भवन निर्माणको लागी सो संस्थाको भु-स्वामित्व र विघटन भएको अवस्थामा निर्मित संरचनाको स्वामित्वमा पालिकाको अधिकार रहने सम्बन्धमा स्पष्ट व्यवस्था का साथै योग्य संस्थाले छनौटमा सहभागिता लिन पाउने अवस्था सुनिश्चिता गर्ने मापदण्ड बनाई सो संस्थालाई भएको भुक्तानी रु. ४९८८८७.०० नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९८,८८७ |

१२ **सेवाप्रवाहको स्थिति:**

पालिकाबाट यस वर्षको सेवाप्रवाह सम्बन्धमा निम्नानुसार विवरण प्राप्त भएको छ।

| विवरण | जम्मा |
|---|---|
| घरबाटोको सिफारिस संख्या | २७३ |
| घरजग्गा नक्शा पास | - |
| जन्म दर्ता | ९१० |
| मृत्यु दर्ता | ३५६ |
| विवाह दर्ता | ४४५ |
| बसाइँसराई दर्ता आउनेको | ८० |
| बसाइँसराई दर्ता जानेको | १०६ |
| सम्बन्ध विच्छेद दर्ता | १२८ |

पालिकाको बजार क्षेत्रमा प्रशस्तै नयाँ घर निर्माण हुने क्रम जारी रहेको भए तापनि नक्शा पासको सम्बन्धमा कुनै अभिलेख राखिएको नदेखिएकोले नक्शा पास कार्यलाई नियमन गरी व्यवस्थित गर्नुपर्ने देखिन्छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

**१३ कानुन निर्माण तथा कार्यान्वयनः**

कानुन निर्माण तथा कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले गत विगतमा तर्जुमा भएका ७९ र यस वर्ष तर्जुमा भएका ६ समेत हालसम्म ८५ कानुन कार्यान्वयनमा ल्याएकोमा १९ वटा ऐन, ६ वटा नियमावली, ५५ वटा निर्देशिका/कार्यविधि तथा अन्य कानुन ५ वटा रहेका छन्। तर्जुमा भएका ऐन कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वयन तथा समयानुकूल परिमार्जन समेत गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

**१४ दिवा खाजाका लागि विद्यालयलाई अनुदानः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.११.१ - तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान अन्तर्गत स्थानीय तहले प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी प्रतिदिन रु. १५ का दरले विद्यालयमा उपस्थित भएको दिनमा मात्र एक वर्षमा बढीमा १८० दिनको दिवा खाजा बापतको रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकामा दिवा खाजा कार्यक्रमको लागि यस वर्ष विनियोजन भएको रकमबाट पालिकाले बालविकास देखि ५ कक्षा सम्म अध्ययनरत ३२८३ जना विद्यार्थीको दिवा खाजा बापत ५६ वटा सामुदायिक विद्यालयलाई जम्मा रु. ८० लाख १४ हजार निकासा गरेको छ। कुल निकासा मध्ये तपशिल बमोजिमका विद्यालयमा रु. ४२७२.०० बढी निकासा भएको देखिएकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ साथै दिवा खाजा कार्यक्रमको नियमित र प्रभावकारी अनुगमन गरी प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन हुनुपर्दछ।

| क्र.सं. | विद्यालयको नाम | EMIS अनुसार कक्षा ५ सम्मका विद्यार्थी संख्या | निकासा कैफियत | | |
|---|---|---|---|---|---|
| | | | भएको रु. | हुनुपर्ने रु. | बढी निकासा रु. |
| १ | भगवती सेवा प्रा.वि. | ९ | २५७३७ | २४३०० | १४३७ |
| २ | जनकल्याण प्रा.वि. | १५ | ४३३३५ | ४०५०० | २८३५ |
| | जम्मा | २४ | ६९०७२ | ६४८०० | ४२७२ |

| असुल गर्नुपर्ने | ४,२७२ |
|---|---|

## १५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३० जनाको दरबन्दी रहेकोमा स्थायी कर्मचारी, करार कर्मचारी, कार्यालय सहयोगी र हलुका सवारी चालक समेत १२६ जना कर्मचारी कार्यरत रहेका छन्। पालिकाको कार्यबोझ बमोजिम जनशक्तिको व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

## १६ स्वीकृत सीमा र शिर्षक बाहिरको खर्चः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(१) मा सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिनुपर्ने र सोही दफाको उपदफा ७ मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ। पालिकाले यस वर्ष सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई तपशिल बमोजिम रु. खर्च गरेको नियमसम्मत नदेखिँदा आगामी दिनमा सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्ने कार्य नदोहोरिने प्रतिबद्धता सहित सभाबाट अनुमोदन गराई नियमित हुनुपर्दछ।

| सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई भएको बजेट खर्चको विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विनियोजित शिर्षक | खर्च गरेको विवरण | खर्च रु. | कैफियत |
| १ | घर नम्बरिङ | विपद व्यवस्थापन | १५००००० | ०८२।०२।३० को का.पा. निर्णयले रकमान्तर [१४७७ - ०८२।०३।२५] |
| २ | निशुल्क स्वास्थ्य बीमा कार्यक्रम | विपद व्यवस्थापन | ५००००० | |
| | | विपद व्यवस्थापन र अन्य खर्च | १४५०६६२ | रकमान्तरको निर्णय अघि खर्च लेखिएको। |
| ३ | फलफूलको बिरुवा वितरण | रोपाईं मेला तथा धान दिवस कार्यक्रममा खर्च | ५५००० | [१४५० - ०८२।०३।२५] |
| ४ | विपन्न सुत्केरी एम्बुलेन्स सेवा | घरको छाना तथा टिन खरिदमा भुक्तानी | २५००० | [१४४६ - ०८२।०३।२५] |
| | जम्मा रु. | | ३५३०६६२ | |

| अनियमित भएको | ३५,३०,६६२ |
|---|---|

## १७ ठेक्का अभिलेखः

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध गराउँदछ। पालिकाले स्वीकृत ढाँचामा आवश्यक विवरण देखिने गरी ठेक्का अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार आवश्यक सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## १८ न्यायिक समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गत वर्षसम्मको बाँकी ३८ र यस वर्ष दर्ता भएको २२ समेत ६० वटा विवाद रहेकोमा विगतको २७ वटा र यस वर्षको १२ समेत ३९ वटा विवादको न्यायिक समिति मार्फत फछ्र्यौट भई २१ वटा विवाद फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ। स्थानीय न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

## १९ दरबन्दी बाहिरको करार सेवाः

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्यबोझ,राजस्व क्षमता,खर्चको आकार,स्थानीय आवश्यकता र विशीष्टतालाई समेत ध्यानमा राखि संगठन संरचना कायम गर्नुपर्ने र स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आफ्नो संगठन संरचना स्वीकृत गरी आवश्यक दरवन्दी कायम गरेको अवस्थामा समेत सो स्वीकृत दरवन्दीभन्दा बढी हुने गरी कर्मचारी भर्ना गरेको पाइयो।स्वीकृत संगठन संरचना अनुसारको कर्मचारी आवश्यकता अनुसार लोकसेवा आयोगवाट माग गरी पदपुर्ति गर्नु पर्नेमा सो अनुसार पदपुर्ति नहुन्जेल सम्म दरबन्दी भित्र करार सेवामा लिनु पर्नेमा दरवन्दी अनुसारको पदपुर्ति भै सकेको अवस्थामा समेत सो भन्दा बढी हुनेगरी कर्मचारी भर्ना गरी थप खर्च लेखेको देखिदा यसरी स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी कर्मचारी भर्ना गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । साथै यस सम्बन्धमा दरबन्दी बाहिर देहाय अनुसारका कर्मचारी नियुक्त गरी तलब भत्ता भुक्तानी भएको रकम रु. ८८६३२०५.२१ नियम सम्मत नदेखिएकोले नियमित हुनु पर्ने रू.

| क्र.सं. | नाम | पद | तह | भुक्तानी रू. |
|---|---|---|---|---|
| १ | बाबुराम वाग्ले | अ. हे. व. | चौथो | ३८९८४८.७ |
| २ | दिपिका थापा | अ. न. मि. | चौथो | ३८७६००.७ |
| ३ | विन्दु थापा | अ. न. मि. | चौथो | ३९११०९.७ |
| ४ | बबिता श्रेष्ठ | अ. न. मि. SBA | चौथो | ३८००१०.७ |
| ५ | ममता थापा | अ. हे. व. | चौथो | ३९३५५८.७ |
| ६ | मनिष श्रेष्ठ | हे. अ. | पाँचौ | ४७६०९६.५ |
| ७ | आरती देवी कंडेल | अ. न. मि. | चौथो | ३९३९१०.७ |
| ८ | डमर कुमारी गुरुङ | अ. हे. व. | चौथो | १६९९०६.०८ |
| ९ | सृजना ढकाल | अ. न. मि. | चौथो | ३९४८५५.७ |
| १० | मिना पोख्रेल | अ. हे. व. | चौथो | ३८५१७५.७ |
| ११ | रुवी थापा | अ. न. मि. | चौथो | ३७८११०.७ |
| १२ | पवित्रा श्रेष्ठ | अ. हे. व. | चौथो | ३९१५६५.७ |
| १३ | डा. विज्ञान क्षेत्री | मेडिकल अधिकृत | आठौ | ९४६२०३.१९ |
| १४ | सफल आले | हे. अ. | पाँचौ | ३५,१००.०० |
| १५ | सुनिता सिग्देल | अ. न. मि. | चौथो | ३९०३९५.७ |
| १६ | पुजा सापकोटा | अ. न. मि. SBA | चौथो | ३९४८५०.७ |
| १७ | भुल बहादुर घर्ती | कार्यालय सहयोगी | श्रेणी बिहिन | २८६३४७.६ |
| १८ | ज्योति प्रसाद पौडेल | कार्यालय सहयोगी | श्रेणी बिहिन | २८६३४७.६ |
| १९ | मन्सु खाण ठकुरी | अ. हे. व. | चौथो | ४१२३४३.७ |
| २० | सन्देश थापा | हे. अ. | पाँचौ | ४५९५०४ |
| २१ | सुजु थापा | अ. न. मि. | चौथो | ४०५६६०.७ |
| २२ | अमृता थापा | अ. न. मि. SBA | चौथो | ३८०११०.७ |
| २३ | टेक कुमारी गुरुङ | कार्यालय सहयोगी | श्रेणी बिहिन | ३२७८१४.७४ |
| २४ | आशा श्रेष्ठ | अ. हे. व. | चौथो | ३९६६२५.७ |
| | जम्मा | | | ८८६३२०५.२१ |

| | |
|---|---|
| अनियमित भएको | ८८,६३,२०५ |

२० **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । सहायता वितरण सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र सहायताको प्रयोजन तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नु पर्दछ। पालिकाले यस वर्ष विपन्न नागरिक उपचार आर्थिक सहयोग शिर्षकबाट कार्यपालिकाको पटके निर्णय र नगर प्रमुखको तोक आदेश बमोजिम १५४ जनालाई न्यूनतम रु. ५ हजार देखि अधिकतम रु. ५० हजार सम्म सहायता

वितरण गरी जम्मा रु. १५ लाख ५६ हजार ६८४ खर्च गरेको पाइयो। तर यसरी वितरण गरेको आर्थिक सहायता खर्च सम्बन्धी विवरण सार्वजनिक गरेको नदेखिएकोले आर्थिक सहायता वितरण सम्बन्धी खर्च विवरण नियमित रुपमा वेबसाइटबाट सार्वजनिक गर्नुपर्दछ।

२१ **विविध खर्चः**

स्थानीय सरकारले व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष विविध खर्च र वडा कार्यालय सञ्चालन विविध खर्च समेत रू. ४२ लाख ४७ हजार ९२७ खर्च गरेको छ। विविध खर्च शिर्षकबाट चालु प्रकृतिका खर्च गर्दा मितव्ययिता अपनाउनुपर्दछ।

२२ **संघीय समपुरक अनुदानः**

संघीय सरकारको ५० प्रतिशत र पालिकाको ५० प्रतिशत लागत सहभागीता हुने गरी मनकौरी मोटरमार्ग निर्माणको लागी प्रोभिजनल सम र मु.अ. कर समेत रु. १५२२५५८०.५५ को सम्झौता मुल्यमा निर्माण ब्याबसायी मिर नेपाल कन्सट्रक्सन सँग २०८२।०३।१५ मा कार्यसम्पन्न हुने गरी २०८१।०९।०७ मा सम्झौता भएकोमा यो बर्ष दोस्रो चालु विलसम्म रु. ९५६०२१२.०० खर्च भएको छ भने छिटो बर्षातको कारण देखाई २०८२ पौष मशान्त सम्म म्याद थप भएको छ। पालिकाले यो बर्ष खर्च भएको रु. ९५६०२१२.०० को ५० प्रतिशतले हुने रु. ४७८०१०६.०० मात्र संघीय सञ्चित कोषबाट खर्च गरी बाँकी ५० प्रतिशतले हुने रकम पालिकाको आन्तरिक श्रोतबाट खर्च गर्नुपर्नेमा समपुरक अनुदानमा संचालित यस योजनामा पालिकाले यो बर्ष खर्च भएको सम्पूर्ण रकम संघीय सञ्चित कोषबाट मात्रै खर्च गरेको देखिएकोले पालिकाको आन्तरिक श्रोतबाट व्यहोर्नुपर्ने रकम रु. ४७८०१०६.०० संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,८०,१०६ |

२३ **मर्मत सम्भार खर्च:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ। सोही बमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट लागत अनुमान तथा मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा लागत अनुमान नबनाई सिधै खर्च गरेको छ। पालिकाले यस वर्ष सवारी साधन र मेशिनरी तथा औजार मर्मतमा गरी जम्मा रु. ३८ लाख विनियोजन गरेकोमा रु. २४०५५७८ खर्च लेखेको छ। मर्मत सम्भार सम्बन्धी खर्च गर्दा प्रचलित नियमको पालना गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

२४ **इन्धन खर्च:**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था उल्लेख छ। पालिकाले यस वर्ष इन्धन (पदाधिकारी),इन्धन (कार्यलय प्रयोजन) र ईन्धन (अन्य प्रयोजन) शिर्षकमा रु. ६० लाख २० हजार विनियोजन गरेकोमा रु ५९३९५१५ खर्च गरेको छ। इन्धन खर्चलाई यथासम्भव मितव्ययी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२५ **जिन्सी दाखिलाः**

पालिकाको वार्षिक निती तथा कार्यक्रमको बुदा नं. १७ मा नगरपालिका र अन्तर्गतका वडा कार्यालय र सेवा कन्द्रहरुबाट हुने खरिद लाई अनुमानयोग्य,मितव्यायी र औचित्यपुर्ण बनाउन खरिद गुरुयोजना निर्माण गर्ने, इ विडिङ प्रणाली अवलम्बन गर्ने तथा खरिद भएका मालसामान र सामाग्रीहरुको pams software मा हुने अभिलेखिकरणलाई अनिवार्य गर्ने भन्ने विषयमा उल्लेख गरिएको छ।पालिकाले १२ वटा वडा कार्यालयमा २०८१ साउन १ देखी २०८२ असार मसान्त सम्म वडा सञ्चालन खर्च वापत रू २८२१७६१ बडा सचिवहरूलाई मसलन्द तथा कार्यालय सामाग्री,ईन्धन,सवारी मर्मत,मेशिनरी तथा औजार मर्मत लगायतका खर्च गरेको बिल संलग्न गरी सोधभर्ना भुक्तानी गरेको छ।सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नभएको तथा वडा कार्यालयहरूवाट खरिद गरिएका जिन्सी सामाग्रीहरू PAMS मा दाखिला नहुनु नियमसम्मत देखिएन।कार्यालयमा खरिद तथा हस्तान्तरण भएका सम्पुर्ण जिन्सी सामाग्रीहरू

PAMS मा समावेश नहुदा सम्पत्तिको दुरुपयोग,गलत प्रतिवेदन तथा सम्पत्तिको डिजिटल ट्र्याकिङ नहुने हुदा पालिकाले कानुन तथा वार्षिक निति बमोजिम सम्पुर्ण जिन्सी सामाग्रीको pams दाखिला अनिवार्य गर्नेतर्फ ध्यान दिनुपर्छ।लेखापरीक्षणको क्रममा देखिएका केहि दाखिला नभएका जिन्सी सामाग्रीहरूको उदाहरणहरू निम्न छन्।

| प्याम्समा जिन्सी दाखिला नभएको | | | | | |
|---|---|---|---|---|---|
| गो.भौ.नं./मिति | सामाग्री विवरण | भुक्तानी पाउने | वडा नं. | रकम | कैफियत |
| १७१-०८१/०७/११ | स्टेशनरी सामाग्री | राधा स्टेशनरी स्टोर्स | १ | १९२०७ | वडामा खरिद भएका जिन्सी सामाग्रीहरु pams मा दाखीला नभएको |
| १८६-०८१/०७/१३ | | | १२ | १३१३४ | |
| १७१-०८१/०७/११ | | ढोरबाराही प्रिन्टिङ सोलुसन | १ | १३७९० | |
| १८८-०८१/०७/१३ | | | ५ | १२००० | |
| ११३९-०८२/७/१० | | | ७ | ७८८० | |
| १९१-०८१/०७/१३ | | | ८ | १५००० | |
| २१७-०८१/०७/२८ | | | ११ | १८००० | |
| २१७-०८१/०७/२८ | | | ६ | १५००० | |
| २१७-०८१/०७/२८ | | | ७ | १८८७० | |
| २१७-०८१/०७/२८ | | पश्चिमाञ्चल स्टेशनरी | ९ | १४०९० | |
| २२०-०८१/०७/२८ | | | ६ | १७८९० | |
| ११६५-०८२/३/११ | | | ६ | ३५१६९ | |
| २१७-०८१/०७/२८ | औषधि | शुक्लागण्डकी मेडिकल हल | १ | ३६१०० | |
| ५४५-०८१/ ११ / १९ | मादल | माईला मादल पसल | ७ | ३०००० | |
| ९४१-०८२/ ०२ / ९ | कार्यालय सामाग्री | विभीन्न ३ सप्लायर्स | २ | ७०६१६ | |
| ११३९-०८२/३/१० | स्टेशनरी सामाग्री | बाराहीबुक्स एण्ड स. | ८ | ५४८६ | |
| ११६९-०८२/३/२२ | कार्यालय सामाग्री | विभिन्न ४ सप्लायर्स | ९ | ३९१९० | |
| १४३८-०८२/३/२५ | सीसी टिभी क्यामेरा | शुभलक्ष्मी नेटवर्क एण्ड आइटी सोलुशन्स | - | ७८००० | |
| जम्मा | | | | ४५९४२२ | |

२६ **फोहोरमैला व्यवस्थापनः**

फोहोरमैला व्यवस्थापन ऐन,२०६८ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहोर व्यवस्थापन गर्नुपर्दछ। यस नगरपालिकाले फोहोरमैला व्यवस्थापनको लागी १ वटा गाडी प्रयोग गरी सवारी चालक १ र २ जना सहयोगी कर्मचारी राखी फोहोर संकलन गर्ने गरेको, वजार क्षेत्रमा पर्ने वडा नं. ४ ले वडा स्तरबाट ट्याक्टरमा संकलन गर्ने गर्ने गरेको र संकलित फोहोर कसेरी स्थित सेति नदीको

तटमा डम्पीङ्ग गर्ने गरेको पाइयो। ऐनमा भएको व्यवस्था बमोजिम श्रोतमा फोहोर वर्गीकरण गर्ने, फोहोरको पुनः प्रयोग गर्ने ल्याण्डफिल साइडको व्यवस्था गरी वैज्ञानिक र व्यवस्थित तवरले फोहोरको विसर्जन गर्ने र जलचर तथा जलाधार क्षेत्रलाई वातावरणी रुपमा प्रतिकूल असर नपर्ने गरी साथै हिन्दु धार्मिक आस्थाको सम्पदाको रुपमा रहेको सेति नदीमा सोझै फोहोर विसर्जन नहुने गरी फोहोरमैलाको दिगो र कानुन सम्मत तथा वैज्ञानिक व्यवस्थापन गर्न नगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ।



२७ **एम्बुलेन्स संचालनः**

पालिकाले संचालन गर्ने एम्बुलेन्सको लागी एम्बुलेन्स शुल्क कच्ची सडकमा प्रति कि.मी. रु. ३० का दरले लिने निर्णय बमोजिम नगरपालिकाले यो वर्ष एम्बुलेन्स संचालन कोषबाट रु. ४,७९,६७२.०० खर्च गरेको छ। यस कोषमा गतको मौजदात रु. १,३३,०७२.०० र यो वर्षको आम्दानी रु. ३,४६,६००.०० गरी जम्मा रु. ४,७९,६७२.०० आम्दानी भई यो वर्ष चालकको तलब तथा इन्धन र मर्मत खर्च समेत गरी कुल रु. ४,४९,७४०.०० खर्च गरी रु. २९,९३२.०० मौजदात रहेको छ। एम्बुलेन्स संचालन बापत चालकको तलव खर्च रु. १,७५,६७२.०० पालिका चालु तर्फबाट खर्च भएको देखिँदा एम्बुलेन्सको आयबाट संचालन खर्च धान्न सक्ने अवस्था देखिएन। पालिकाले तोकेका सेवाग्राहीलाई निःशुल्क सेवा दिएको विवरण संलग्न गरेतापनि कति मुल्य बराबरको निःशुल्क सेवा दिनेको स्पष्ट अभिलेख राखी सो सेवाको मूल्य बराबरको रकम एम्बुलेन्स कोषमा समायोजन गरी एम्बुलेन्स संचालन तथा व्यवस्थापन हुनुपर्दछ।

२८ **डिजिटल नगर प्रोफाइल निर्माण:**

सेवाप्रदायकले कार्यक्षेत्रगत शर्तमा उल्लेखित कार्यहरू सम्झौताबमोजिम सम्पन्न भएको प्राविधिक प्रतिवेदन संलग्न गरी अन्तिम भुक्तानी हुनुपर्दछ। पालिकाले गत आ.व.मा शुक्लागण्डकी नगरपालिका पार्श्वचित्र तथा डिजिटल प्रोफाईल निर्माण वापत 4G Engineering लाई अन्तिम किस्ता वापत रू. १३२५०१० भुक्तानी गरी बाकि रहेको रू. ५७०००० मध्ये यो वर्ष धरौटीतर्फको गो.भौ.नं. ६९ - ०८२/३/२५ बाट रू. ४००००० धरौटी फिर्ता गर्दा विगतको म.ले.प. प्रतिवेदनमा औल्याए बमोजिम सफ्टवेयर निर्माता कम्पनीबाटै cloud server मा hosting गराई source code पालिकालाई हस्तान्तरण गरी कार्यक्षेत्रगत शर्त अनुसारका सबै कार्यहरू उक्त कम्पनीबाटै गराई कार्यसम्पन्न भएको सूचना प्रविधिसँग सम्बन्धित प्राविधिकबाट प्रतिवेदन लिई भुक्तानी हुनुपर्नेमा प्रतिवेदन बेगर भुक्तानी भएको देखिएकाले सोको प्राविधिक प्रतिवेदन पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

२९ **पेश्की बाँकीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम पेश्की दिन सक्ने व्यवस्था छ। कार्यालयले देहायका निर्माण व्यवसायी, उपभोक्ता समिति तथा व्यक्तिलाई उपलब्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म निम्नानुसार फस्यौंट हुन बाँकी देखिएको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली र सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार पेश्की फस्यौंट हुनुपर्ने रु.

| पेश्कीकोविवरण | पेश्की लिनेपक्षको नाम | म्याद नाघेको पेश्की | म्याद ननाघेको पेश्की |
|---|---|---|---|
| **१) निर्माण व्यवसायीको पेश्की** | | | |
| सहरी विकास अनुदान | बानिया निर्माण सेवा प्रा.लि. | ० | **३३२९१०००** |
| | पेश्की फछ्यौंट भएको | | (८४२९९९१) |
| **जम्मा** | | **०** | **२४८६१००९** |
| **२) संस्थागत पेश्की** | | | |
| कदमबारी टोल विकास संस्था भवन ट्रष्ट मर्मत तथाविद्युत पोल खरिद | नेपाल बिद्युतप्राधिकरण | १९२०३७ | |
| शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथावैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता रनिरन्तर शिक्षाका कार्यक्रम समेत) | गोकुल सामुदायिक सिकाइकेन्द्र | १७०००० | |
| | ढोरफिर्दी सामुदायिक सिकाइ केन्द्र | १७०००० | |
| | नवजिवन सामुदायिक सिकाइ केन्द्र | १७०००० | |
| | सामुदायिक सिकाइ केन्द्र क्षेत्रन | १७०००० | |
| विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | जनकल्याण माध्यमिकविद्यालय | ३००००० | |
| | श्री तालबेसी माध्यमिक विद्यालय | २००००० | |
| जम्मा | | **१३७२०३७** | |
| **जम्मा पेश्की बाँकी रु.** | | **१३७२०३७** | **२४८६१००९** |
| | | पेश्की | १३,७२,०३७ |

३० **तलब भत्ता भुक्तानीः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेखु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई तर्फका ५४ र संघीय निजामती सेवा तर्फका १ स्थायी कर्मचारीको तलब भत्तामा पारिश्रमिक कर्मचारी शिर्षकबाट रु. ३४५०१८६०.८८ र सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका स्वीकृत दरबन्दीका स्थायी कर्मचारीको तलब भत्ताको लागि प्राप्त (स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता) शिर्षकबाट तलबी प्रतिवेदन पारित नगराई रु. २ करोड ८१ लाख खर्च लेखेको छ। तसर्थ तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

[**द्रष्टब्यः** *तलबी प्रतिवेदन पारित नभएकोले तलब भत्ता भुक्तानीको तुलना गर्दा ०८१ असारको तलबी भरपाइलाई आधारको रुपमा लिइएको छ।]*

तलब भत्ता भुक्तानी सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

३०.१ **फरक कृयाकलापमा खर्चः** संघीय सशर्त तर्फको बजेट तोकिएको कार्यमा मात्र खर्च लेखी बाँकी रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा पालिकाले यस वर्ष स्वास्थ्य तर्फ स्थायी कर्मचारीको तलब भत्ता (स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता) को लागि संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाट जम्मा रु. २ करोड ८१ लाख खर्च गरेको मध्ये शर्त र सम्बन्धित शिर्षक भन्दा फरक क्रियाकलापमा तपशिल बमोजिम रु. १७२१८१६.०० खर्च गरेको देखियो। यस सम्बन्धमा आन्तरिक स्रोतबाट खर्च भई हिसाब मिलान गरेको मस्यौदा उपर छलफलको क्रममा पालिकाले जनाए तापनि आन्तरिक स्रोतबाट भएको खर्च र निम्नानुसार सशर्तबाट भएको खर्च सम्बन्धमा कुन कुन खर्च स्रोत मिलान भएको हो स्पष्ट प्रमाण पेश हुनुपर्ने अन्यथा स्थानीय सञ्चित कोषबाट संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

| स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता शिर्षकबाट फरक शिर्षकमा भएको खर्चको विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | खर्चको विवरण | खर्च रु. | कैफियत |
| १ | आन्तरिक स्रोतबाट तलब पाउने ३६ जना करार कर्मचारीको असार महिनाको तलब भत्ता भुक्तानी | ९५५०३७ | भौचर नं. २३६ - ०८२।०३।११ |
| २ | बाँकी रहेको रकम न.पा. चालु खर्च खातामा सोधभर्ना गरिएको | ७६६७७९ | भौचर नं. २६१ - ०८२।०३।१६ |
| | जम्मा रु. | १७२१८१६ | सशर्त बजेट अन्य कृयाकलापमा खर्च |

| प्रमाण पेश नगरेको | १७,२१,८१६ |
|---|---|

३०.२ **कर्मचारी प्रोत्साहन भत्ताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ। सशर्त तर्फको बजेट सोही शिर्षकमा खर्च गरी खर्च नभई बाँकी रहेको रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। स्थानीय तहको आन्तरिक निर्णयबाट थप भएको आर्थिक व्ययभार आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी व्यवस्था गर्नुपर्नेमा पालिकाले यस वर्ष कार्यपालिकाको निर्णयबाट व्यवस्था अनुसार कर्मचारी प्रोत्साहन भत्ता बापत तपशिल बमोजिम रु. १२००००.०० संघीय सशर्तबाट खर्च लेखेको पाइयो। यसरी पालिकाको आन्तरिक निर्णयबाट थप भएको आर्थिक व्ययभार बापत संघीय सशर्तबाट खर्च लेखेको रकम पालिकाको सञ्चित कोषबाट संघीय सञ्चित कोष फिर्ता हुनुपर्दछ।

| कर्मचारी प्रोत्साहन भत्ता बापत संघीय सशर्तबाट भएको खर्चको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | खर्चको विवरण | मासिक दर | महिना | जम्मा खर्च | कैफियत |
| १ | कर्मचारी प्रोत्साहन भत्ता भुक्तानी [कार्यपालिका निर्णयबाट थप - आन्तरिक स्रोतबाट भुक्तानी हुनुपर्ने] | २००० | १२ | १२०००० | ५ जनालाई सशर्त स्वास्थ्य तलब शिर्षकबाट भुक्तानी |
| | जम्मा | - | - | १२०००० | |

| प्रमाण पेश नगरेको | १,२०,००० |
|---|---|

३१ **दोहोरो भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१,२७५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२ **पदाधिकारी सेवा सुविधा:**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी सेवा सुविधा तथा बैठक भत्ता शिर्षकमा रु. २ करोड ५ लाख विनियोजन गरेकोमा ६५ जना जनप्रतिनिधिहरुको सेवा सुविधा तथा चाडपर्व सुविधा समेत जम्मा रु. १ करोड ७४ लाख ४८ हजार खर्च गरेको छ।

३३ **सामाजिक सुरक्षा तर्फः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८१।८२ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. २६ करोड ५८ लाख २५ हजार विनियोजन भएकोमा पालिका भित्रका ६८९३ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण बापत तपशिल बमोजिम रु. २६ करोड ५४ लाख १ हजार खर्च भएको छ।

| सामाजिक सुरक्षा भत्ता वितरण विवरण (आ.व. ०८१/८२) | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | लाभग्राही [चौथो त्रैमासिक] | चौथो त्रैमासिक | वार्षिक जम्मा |
| १ | ६४८०८७६ | ६४९८३३१ | ६५५३०९६ | ६४१ | ६५४११७९ | २६०७३४८२ |
| २ | ४७६६७३० | ४७२९१५६ | ४७९३१६० | ४९४ | ४८७१५११ | १९१६०५५७ |
| ३ | ४७१७८६१ | ४७३६४८१ | ४७४९०८३ | ५१७ | ४७३३१९३ | १८९३६६१८ |
| ४ | ३२२०८९८ | ३२७६४५२ | ३४१३८७० | ३३२ | ३४७७४६१ | १३३८८६८१ |
| ५ | ४२८१५०८ | ४३२७८०१ | ४३६४८९४ | ४७६ | ४३८४६०९ | १७३५८८१२ |
| ६ | ५०३९९८५ | ५०६४१६५ | ५०९७५६१ | ५३४ | ५१२४८७४ | २०३२६५८५ |
| ७ | ४५५६४६६ | ४६०७१७८ | ४६५७७८७ | ५०७ | ४६७५३४८ | १८४९६७७९ |
| ८ | ४८६८६७९ | ४८८७१०८ | ४९५१७४२ | ४८४ | ४९७४८१८ | १९६८२३४७ |
| ९ | ४५२८३०६ | ४५९६४४५ | ४६१५००२ | ४८९ | ४६५०२०३ | १८३८९९५६ |
| १० | ८१७४८९० | ८२१८९५५ | ८२७९५६३ | ८८३ | ८३०५०२१ | ३२९७८४२९ |
| ११ | ७७१६७९९ | ७७५३४८८ | ७८८४९४६ | ७९५ | ७९८०२४६ | ३१३३५४७९ |
| १२ | ७३६७८३१ | ७३५९३५९ | ७४६२०८४ | ७४१ | ७५०८३०४ | २९६९७५७८ |
| जम्मा | ६५७२०८२९ | ६६०५४९१९ | ६६८२२७८८ | ६८९३ | ६७२२६७६७ | २६५८२५३०३ |
| | फिर्ता भएको रकम रु. | | | | | ३४३०४६ |
| | सामाजिक सुरक्षा भत्ता बापत वितरण भएको खुद रकम रु. | | | | | २६५४०१२७९ |

सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य बेहोरा निम्न छन् ।

३३.१ **समीक्षा तथा सूचना प्रवाहः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। सोही कार्यविधिको दफा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित

स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए पनि पालिकाले नियमित रुपमा लाभग्राहीहरुको नाम नामेसी वेबसाइटमा अद्यावधिक तथा स्थानीय तहको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन। कार्यक्रमको समीक्षा तथा सूचना प्रवाह सम्बन्धमा समाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको व्यवस्था पालना हुनुपर्दछ।

३३.२ **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा सामाजिक सुरक्षा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाइ गरी सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा छलफल गर्नुपर्दछ।

३४ **क्रसर उद्योग संचालन मापदण्डः**

ढुंङ्गा, गिटी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ११ (क) मा क्रसर उद्योग संचालनका लागी मापदण्ड पालना गर्नुपर्ने दुरी सम्बन्धी मापदण्ड उल्लेख छ। उक्त मापदण्डमा राजमार्गको राइट अफ वे बाट ५०० मिटर र खोला नदी किनारबाट ५०० मिटर को दुरी कायम हुनुपर्ने उल्लेख छ। लेखापरीक्षको क्रममा यस नगरपालिकाको प्राकृतिक श्रोत विक्री सम्बन्धमा वडा नं. २ स्थित विभिन्न स्थानको स्थलगत अवलोकन गर्दा पृथ्वी राजमार्गको पश्चिम र सेती नदी किनारको पुर्वी खण्डमा मापदण्ड बमोजिमको दुरी पालना नहुने गरी क्रसर उद्योग संचालन रहेको पाइयो भने ति क्रसरहरुबाट समेत पालिकाको अभिलेखमा देखिएका १४ क्रसर उद्योगबाट पालिकामा व्यवसाय कर दाखिला गरेको अभिलेखबाट देखिएन। सो स्थानमा संचालित क्रसर उद्योगहरुले पालिकामा व्यावसाय कर असुली कानुनी अफ्ठ्यारोको कारण व्यावसाय कर असुली नगरेको नगर कार्यापालिका कार्यालयको लेखापरीक्षकणको क्रममा मौखिक जवाफ रहेको छ। मापदण्ड पालना सम्बन्धमा अधिकार प्राप्त निकायबाट अनुगमन गरी वातावरणीय हिसाबले उपयुक्त हुने गरी कानुनी दायरामा सञ्चालन गराइ पालिका समेत राज्यको करको दायरा बढाउनुपर्ने देखिन्छ।

३५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन भने तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित र अद्यावधिक नरहेको तथा प्राप्त तथ्याङ्कमा एकरुपता समेत नरहेको पाइयो। स्थानीय तहमा प्राथमिकताको आधारमा क्रियाकलाप सञ्चालनमा तथ्याङ्क तथा अभिलेखले महत्वपूर्ण भूमिका खेल्ने हुँदा तथ्याङ्क सङ्कलन र व्यवस्थित रुपमा अद्यावधिक अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

३६ **आन्तरिक राजस्व आय तर्फः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक राजस्व आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. १९,०९,९२,१८२.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. १२,९४,९०,४५१.१३ राजस्व आम्दानी प्राप्त भएको छ। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

३६.१ **आन्तरिक आयको योगदानः** पालिकाले आर्थिक वर्ष २०८१।८२ मा संघीय समानीकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको योगदानको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च (समानिकरण) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १३,२६,८४,९६०.०० | १२,९४,९०,४५१.१३ | ९७.६० |

उपर्युक्त विवरण अनुसार यस स्थानीय तहमा प्राप्त संघीय समानीकरण अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ९७.६० प्रतिशत रहेको छ।

३६.२ **पछिल्लो तीन वर्षको आयः** पालिकाको पछिल्लो तीन आर्थिक वर्षको आन्तरिक आय अनुमान र असुलीको तुलनात्मक विवरण निम्नानुसार रहेको छ।

| [रु. हजारमा ] | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ. व. ०७९।८० | | | आ. व. ०८०।८१ | | | आ. व. ०८१।८२ | | |
| अनुमान | असुली | असुली % | अनुमान | असुली | असुली % | अनुमान | असुली | असुली % |
| २८६९९९ | १४६५०३ | ५१.०५% | १६५१०० | ११४६६९ | ६९.४५% | १९०९९२ | १२९४९० | ६७.८०% |

उपर्युक्त तालिकामा उल्लेखित विवरण अनुसार यस पालिकाको आन्तरिक राजस्व आय सङ्कलनमा अपेक्षाकृत सुधार हुन सकेको देखिँदैन। आर्थिक वर्ष ०७९।८० मा असुल भएको आन्तरिक आयको तुलनामा ०८०।८१ र ०८१।८२ मा असुल भएको आन्तरिक आय घटी रहेको छ। आन्तरिक आय सङ्कलनलाई यथार्थपरक र प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३६.३ **कर तथा शुल्क असुली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा स्थानीय तहले एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। सोही बमोजिम पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशील रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको पाइयो।

| | | |
|---|---|---|
| | **जम्मा अनुमानित आम्दानी रु.** | **१९०९९२१८२.००** |
| **क्र.सं.** | **आम्दानी शीर्षक** | **रकम रु.** |
| १ | एकीकृत सम्पती कर | ३०८२५८२.७२ |
| २ | भुमिकर/मालपोत | ६२१४८४१.२८ |
| ३ | वहाल कर | ५९८४४२५.४४ |
| ४ | वहाल विटौरी कर | १७४६९६०.३३ |
| ५ | सवारी साधन कर (साना सवारी) | ०.०० |
| ६ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० |
| ७ | अखेटोपहारमा लाग्ने कर | ०.०० |
| ८ | अन्य कर | ६६००.०० |
| ९ | परीक्षा शुल्क | २३७५००.०० |
| १० | अन्य प्रशासनिक सेवा शुल्क | १०१९७०.०० |
| ११ | नक्सापास दस्तुर | ४४७३१३६.६० |
| १२ | सिफारिश दस्तुर | ३७७०२८०.०० |
| १३ | व्यक्तिगत घटना दर्ता दस्तुर | ९७४४९५.०० |
| १४ | नाता प्रमाणित दस्तुर | ५०२७००.०० |
| १५ | अन्य दस्तुर | १८४२६३.५० |
| १६ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५२४७०५.०० |
| १७ | प्रशासनिक दण्ड जरिवाना र जफत | १०७५७८४.०० |
| १८ | अन्य राजश्व | ९५६२२४२७.०० |
| १९ | व्यवसाय कर | २८८९४४८.५० |
| २० | वेरुजु | ३८८७२४.७६ |
| २१ | अन्य आम्दानी | १७०९६०७.०० |
| | **जम्मा आम्दानी रु.** | **१२९४९०४५१.१३** |
| | **आम्दानी प्रतिशत** | **६७.८०%** |

माथि उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८१।८२ मा अनुमानको तुलनामा ६७.८० प्रतिशत मात्रै राजस्व आम्दानी प्राप्त गरेको छ। कतिपय आम्दानी शिर्षकमा अनुमान नै नगरिएको, कतिपय शिर्षकमा अनुमान नै न्यून गरिएको र कतिपय शिर्षकमा शुन्य असुली भएको देखिँदा यस पालिकामा पहिचान भएका राजस्वका सबै आन्तरिक श्रोतहरु उचित तरिकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन। पालिकाले वडागत रुपमा संकलन भएको राजस्व सम्बन्धित शिर्षकमा समयमै दाखिला गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको यर्थाथपरक अनुमान मार्फत आन्तरिक स्रोतको परिचालनमा अभिवृद्धि गरी आन्तरिक आयबाटै आत्मनिर्भर बन्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३६.४ **सिफारिस र शुल्क असुलीः** वडा तथा पालिकाबाट जारी हुने सिफारिसमा स्थानीय तहको सभाले तोके बमोजिमको शुल्क असुली हुनुपर्दछ। पालिकाको आन्तरिक लेखापरीक्षण नभएको तथा सिफारिस शुल्क दाखिला र सिफारिस सङ्ख्या सम्बन्धमा वडाहरूको चलानी किताब भिडान हुने नगरेकोले वडाहरूबाट भएको सबै सिफारिसमा सिफारिस दस्तुर असुल भएनभएको यकिन गर्न सकिएन। सिफारिस र सिफारिस शुल्क असुलीमा आन्तरिक नियन्त्रण कायम गर्न वडाहरुबाट प्राप्त सिफारिस शुल्क र चलानी किताब बमोजिम सिफारिस सङ्ख्या भिडान हुनुपर्दछ।

३६.५ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा ब्याबसाय कर प्रयोजनका

लागि दर्ता भएका फर्महरुबाट यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. २८८९४४८.५० कर सङ्कलन गरेको देखियो। उठ्न बाँकी व्यावसाय करलाई सेवा प्रवाहसँग अन्तर आवद्धता गरी असुल हुनुपर्ने देखिन्छ। पालिकाले सबैभन्दा बढी ठूला उद्योग तथा बहुराष्ट्रिय कम्पनी उल्लेख गरी वार्षिक रु. ७३०००० तोकिएकोमा एकमात्र फर्मबाट सो कर असुली भएको देखिन्छ। पालिका भित्र ठूला तथा बहुराष्ट्रिय कम्पनीलाई स्थापना गर्न आकर्षण गरी वैज्ञानिक रुपमा स्थानीय कर संकलन गर्न ठूला उद्योग तथा बहुराष्ट्रिय कम्पनी भन्दा पनि लगानी वा उत्पादनको आधारमा फरक दर उल्लेख गर्नु बढी बैज्ञानिक कर प्रणाली हुने देखिन्छ। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको करदाता अभिलेख अद्यावधिक गरेको नदेखिँदा पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी सबै व्यवसायीहरुलाई व्यवसाय करको दायराभित्र ल्याउनुपर्दछ।

३६.६ **सामुदायिक वनबाट आय:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ (ङ - २) अनुसार स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन संघ तथा प्रदेश कानुनको अधिनमा रही स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने उल्लेख छ। सोही ऐनको दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। पालिका क्षेत्रभित्र ८७ वटा सामुदायिक वन रहेकोमा पालिकाले ती सामुदायिक वनलाई कार्य योजना पेश गर्न लगाई स्वीकृत गरेको तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी राजस्व आम्दानी बाँधेको देखिएन। स्थानीय स्तरमा वन उपभोक्ता समूहको व्यवस्थापन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था पालना हुनुपर्दछ।

३७ **प्राकृतिक श्रोत (ढुङ्गा, गिटी, बालुवा) उत्खनन तथा विक्रीः**

यस शुक्लागण्डकी नगरपालिका क्षेत्र भएर बग्ने सेती नदी, ब्याङ्दी खोला, बोगे खोला र गुबेरखोलाका २६ घाटहरुको उत्खनन तथा विक्रीको लागी प्रारम्भिक वाताबरणीय प्रभाव मुल्याँकन (IEE) भएकोमा पालिकाले मिति २०८१।०६।२३ मा प्रथम पटक सूचना प्रकाशन गरेकोमा २६ मध्ये ११ वटा प्रस्ताव परेकोमा ९ ठेक्का लागेको, ठेक्का सम्झौता नभएका २ वटामा वोलपत्र जमानत जपत भएको दोस्रो पटक २०८१.०८.१९ मा १५ प्याकेज (घाट) को सूचना निकालेकोमा कुनै पनि बोलपत्र दाताले प्रस्ताव पेश नगरेको र तेस्रो पटक कार्यपालिकाको निर्णय अनुसार ७ दिने सूचना दिई लिलाम बढाबढ गरेकोमा १ घाटको मात्र लिलाममा प्रस्ताव परेको देखिन्छ। पालिकाको परिमाण अभिलेख तथा श्रेष्ता परीक्षणबाट आय ठेक्काबाट रु. ५८४७९४५४.०२ र अमानतबाट रु. १४५३७२९७.१० समेत जम्मा रु.७३०१६७५१.१२ यस शीर्षकबाट आन्तरिक आय प्राप्त गरेको देखिन्छ। प्राप्त आय मध्ये पालिकाले रु.१०७२१८८१ विभाज्य कोषमा दाखिला गरी सो को ४० प्रतिशतले हुने रु.४२८८६३२ गण्डकी प्रदेश सञ्चित कोषमा र बाँकी रु.६४३२९४९ समेत रु.६८७२७८१९.१२ पालिका सञ्चित कोषमा दाखिला भएको छ। यस सम्बन्धमा देखिएका अन्य ब्यहोरा निम्नानुसार छन्।

३७.१ **परिणाम नियन्त्रणः** ढुङ्गा, गिट्टी वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ७ मा उत्खनन वा संकलनको परिमाण नियन्त्रण सम्बन्धी ब्यबस्था छ। उक्त दफामा उत्खनन पुर्व प्राविधिक प्रतिवेदन बमोजिम उत्खनन क्षेत्र निर्धारण गर्ने, सम्बन्धित पालिकाबाट नियमित अनुगमन गर्ने अनुगमन गर्दा आई.ई.ई. प्रतिवेदन भन्दा बढी उत्खनन भएकोमा उत्खनन तथा संकलन वन्द गर्न निर्देशन दिने, अनुसुची ४ बमोजिम दैनिक विक्री तथा ढुवानी अभिलेख राख्नुपर्ने, नदी किनार तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी विक्री गर्ने व्यवस्था पालिकाले गर्ने लगायतका व्यबस्था भएकोमा उक्त उक्त व्यहोरा सम्झौतामा समावेश भए तापनी परिमाण नियन्त्रणको व्यवस्था सम्बन्धी कार्य भएको अभिलेखबाट देखिएन। प्राकृतिक श्रोतको अधिक दोहनलाई रोकी पर्यावरणीय सन्तुलन कायम गर्न आई.ई.ई. प्रतिवेदन मापदण्ड तथा सम्झौतामा भएका शर्तहरुको पालना हुनुपर्ने र सो बमोजिम भएको व्यवस्थित अभिलेख राख्ने गर्नुपर्दछ भने प्रविधिमा आधारित नियन्त्रण प्रणालीको विकाश गरी परिमाण नियन्त्रणको व्यवस्था हुनुपर्दछ।

३७.२

**वैकल्पिक व्यवस्थाः** पालिका अन्तर्गतका विभिन्न खोलाका २६ घाटहरु मध्ये विद्युतीय वोलपत्रको माध्यामबाट प्रस्ताव पेश गर्ने मध्ये ११ घाटको प्रस्ताव परेकोमा ९ वटामा सम्झौता भएको, १ वटा घाटको ३ पटक सम्म सूचना निकाल्दा प्रस्ताव पेश नभएकोले न्युनतम अंक घटाई बढाबढमा विक्री भएको पाइयो भने प्रस्तावदाता सम्झौता गर्न नआएको २ समेत १६ घाटमा राजश्व परामर्श समितिमा वैकल्पिक व्यवस्था गरी उत्खनन तथा संकलन गर्ने कार्ययोजनामा छलफल तथा परामर्श गरी कार्यपालिकामा पेश भई प्राकृतिक श्रोतको उपयोग गर्ने तर्फ कुनै कार्य भएको पाइएन। मापदण्ड तथा कानून बमोजिम प्राकृतिक श्रोतको उच्चतम उपयोग गर्ने तर्फ सम्बन्धित पक्षको ध्यानाकर्षण हुनुपर्दछ।

३७.३ **राजस्व बाँडफाँटः** गण्डकी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८(५) मा प्राकृतिक स्रोतबाट सङ्कलन गरी विभाज्य कोषमा जम्मा भएको मूल्य अभिवृद्धि कर बाहेकको आम्दानी मध्ये ६० प्रतिशत सम्बन्धित स्थानीय तहमा र बाँकी रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। यस वर्ष पालिकाले ढुंगा, गिट्टि र बालुवा लगायत प्राकृतिक स्रोत ठेक्का मार्फत बिक्री गरी मूल्य अभिवृद्धि कर बाहेक रु. ५८४७९४५४.०२ र अमानतबाट रु. १४५३७३९७.१० गरी जम्मा रु. ७३०१६७५१.१२ आम्दानी प्राप्त गरेकोमा सोको ४० प्रतिशतले हुने रु. २९२०६७७०.४० प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्नेमा रु. १०७२१५८१.०० मात्र दाखिला गरेको पाइयो। उपरोक्त बेहोरा अनुसार प्राकृतिक स्रोतको बिक्रीबाट प्राप्त आम्दानी मध्ये रु. १८४८५१८९.४० प्रदेश सञ्चित कोषमा दाखिला हुन बाँकी देखिन्छ। यस पालिकाको विभाज्य कोषमा रहेको बाडफाड गरी दाखिला गर्न बाँकी रु. १८४८५१८९.४० सम्बन्धित प्रदेश संचितकोषमा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८४,८५,१९० |

३८ **कृषि तथा पशुमा अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट कृषि तर्फ रु. ५५ लाख ७० हजार र पशु तर्फ रु. ९ लाख ७० हजार समेत कृषि तथा पशुमा अनुदान वितरण गर्न जम्मा रु. ६५ लाख ४० हजार खर्च भएको बेहोरा निम्नानुसार देखिन्छ।

| कृषि तर्फको अनुदान वितरण विवरण | | | | |
|---|---|---|---|---|
| क.सं. | अनुदान शिर्षक | लाभग्राही (व्यक्ति/समूह) को | खर्च रु. | कैफियत |
| १ | रोगकिरा नियन्त्रण स्प्रेयर तथा उपकरण वितरण कार्यक्रम ५०% | ८४ | १६०७५० | |
| २ | प्लास्टिक टनेल वितरण कार्यक्रम ५०% | ७६ | २४७५०० | |
| ३ | खाली मौरी घार वितरण ५०% | - | ३८०००० | |
| ४ | मौरी उपकरण तथा महमदानी ५०% | ५४ | ४१९३७ | |
| ५ | फलफुल विरुवा वितरण ५०% | - | १९४४४१ | |
| ६ | कफी विरुवा वितरण ५०% | १३ | ३९७०० | |
| ७ | यान्त्रिकरण कार्यक्रम ५०% | - | ६४०५०० | |
| ८ | मेशिनरी मर्मत सम्भार तालिम स्प्येर्स पाट्र्समा ५०% अनुदान | ४९ | १२२२२४ | |
| ९ | आइ पी एम संचालन (१००%) | २५ | १५०००० | |
| १० | तरकारी उत्पादन प्रोत्साहन कार्यक्रम | १३ | २९२८०० | |
| ११ | प्रांगारिक उत्पादन प्रवर्द्धन कार्यक्रम | ८० | १४४६०७ | |
| १२ | नयाँ आलु पकेट विकास कार्यक्रम (सशर्त) | १ | ४७९००० | शुक्लागण्डकी - ११ |
| १३ | नयाँ सुन्तालाजात पकेट विकास कार्यक्रम (सशर्त) | १ | ९४१५३९ | |
| १४ | मसिना तथा बास्नादार धान बालि प्रवर्द्धन (सशर्त) | ४ | १०००००० | |
| १५ | खाध्यन बालीको उन्नत बीउ उपयोग अनुदान(धान,गहुँ) (सशर्त) | १०६२ | ७३५००० | |
| | **जम्मा** | **१४६२** | **५५६९९९८** | |
| **पशु विकास तर्फको अनुदान वितरण विवरण** | | | | |
| १ | पशुपालन सम्बन्धी मेसिनरी औजार उपकरण सपोर्ट कार्यक्रम ५०% अनुदान | १४ | १८३२१० | |
| २ | खोर गोठ सुधार तथा सुदृढिकरण कार्यक्रम | २० | ३८६७५२ | |
| ३ | जै घाँसको विउ वितरण ५०% अनुदान | - | २००००० | |
| ४ | पाडी बाच्छी हुर्काउने कृषकका लागि अनुदान | १८ | २००००० | |
| | **जम्मा** | **५२** | **९६९९६२** | |
| | **कुल जम्मा** | **१५१४** | **६५३९९६०** | |

कृषि तथा पशुमा वितरित अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन नभएकोले अनुदान कार्यक्रम सञ्चालन पश्चातको उपलब्धि मूल्याङ्कन भएको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। कृषि तथा पशुमा अनुदान सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नुगराउनु पर्दछ भने अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ।

३९ **कृषि तथा पशुपन्छी सूचना व्यवस्थापन प्रणालीः**

सरकारी रकम खर्च गरी खरिद गरिएको मालसामान तथा सेवाको उपयोगिता र त्यसबाट लक्षित वर्गमा अपेक्षित लाभ पुगेको सुनिश्चित हुनुपर्दछ। पालिकाले कृषि तथा पशुपन्छी सूचना व्यवस्थापन प्रणाली खरिद बापत भावी ईन्जिनियरिङ सोलुशन्सलाई भौचर नं. १३७९ - ०८२।०३।२३ बाट रु. ४९६६३५.०० भुक्तानी गरेको छ। खरिद गरिएको सो प्रणालीमा तथ्याङ्क अद्यावधिक गर्ने क्रम जारी रहेको पालिकाले जनाएको छ। खरिद गरिएको कृषि तथा पशुपन्छी सूचना व्यवस्थापन प्रणालीबाट पालिकाको कृषि तथा पशुपन्छी सम्बन्धी तथ्याङ्क अद्यावधिक भएको र त्यसले नीति तथा योजना निर्माण र कार्यान्वयनमा योगदान गरेको साथै किसान तथा कृषिसँग सम्बन्धित अन्य पक्षलाई अपेक्षित लाभ पुगेको सुनिश्चित हुनुपर्दछ।

४० **शिक्षा तर्फः**

स्थानीय सरकार सञ्चालन ऐन - २०७४ को दफा ११ को उपदफा २(ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। पालिकाको शिक्षा तर्फ मुख्यतया निम्न बेहोरा देखिएका छन्।

**क) शिक्षक विद्यार्थी अनुपातः** पालिकामा जम्मा ५६ विद्यालय रहेकोमा ती विद्यालयमा रहेका शिक्षक दरबन्दी र विद्यार्थी संख्याको अनुपात देहाय बमोजिम रहेको छ।

| विद्यालय संख्या | विद्यार्थी संख्या | प्रति विद्यालय औसत विद्यार्थी | शिक्षक दरबन्दी | शिक्षक पदपूर्ति | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| ५६ | १५१२८ | २७०.१४ | ४१३ | ४१३ | (करिब) १:३७ |

**ख) प्रति विद्यार्थी लागतः** पालिकामा रहेका ५६ विद्यालयमा पालिकाले यस वर्ष गरेको निकासाको आधारमा पालिकाको प्रति विद्यार्थी औसत लागत देहाय बमोजिम रहेको छ।

| विद्यार्थी संख्या | वार्षिक निकासा रकम रु. | | | | | प्रति विद्यार्थी औसत लागत |
|---|---|---|---|---|---|---|
| | शिक्षक/कर्मचारी तलब भत्ता | दिवा खाजा | पाठ्य पुस्तक | अन्य | जम्मा निकासा | |
| १५१२८ | २२५६३३९४९ | ८०१४२३७ | ४२३८४३९ | ३७१५०४९८ | २७५०३७१२३ | १८१८०.६७ |

भौगोलिक विकटता र बढ्दो बाह्य बसाइँसराइको कारण शिक्षक विद्यार्थी अनुपात न्यून तर प्रति विद्यार्थी वार्षिक औसत लागत उच्च देखिएको अवस्थामा विकट ग्रामीण क्षेत्रमा बसोबास गर्ने र स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने गरी सामुदायिक विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने तर्फ पालिका गम्भीर भएर लाग्नुपर्दछ।

४१ **विद्यालयको कोष सञ्चालनः**

शिक्षा नियमावली - २०५९ को नियम १६९(५) मा विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम नजिकैको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्न सकिने उल्लेख छ। पालिकामा पेश गरिएको विद्यालयहरुको आर्थिक वर्ष ०८०।८१ को लेखापरीक्षण प्रतिवेदन अनुसार पालिका अन्तर्गतका निम्नलिखित ११ वटा विद्यालयले रु. १ करोड ४२ लाख ३२ हजार स्थानीय सहकारीमा जम्मा गरेको र ६ वटा विद्यालयले रु. १ लाख ४६ हजार ५२१ नगद मौज्दात राखेको पाइयो।

| सार्वजनिक विद्यालयको कोषको रकम सहकारीमा मौज्दात सम्बन्धी विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | ठेगाना | मौज्दात रु. | कैफियत |
| १ | अर्चलथुम प्रा.वि. | शु.न.पा.-७ | ५०८११३.५८ | २ वटा सहकारी |
| २ | शहिदकृष्ण मा.वि. | शु.न.पा.-३ | ३२८७१२१.६७ | ४ वटा सहकारी |
| ३ | अमरज्योति प्रा.वि. | शु.न.पा.-६ | ४५८२०३.४८ | २ वटा सहकारी |
| ४ | जनकल्याण मा.वि. | शु.न.पा.-५ | १९५०९००.८८ | २ वटा सहकारी |
| ५ | दिवस मा.वि. | शु.न.पा.-३ | ४७६७६३.११ | १ वटा सहकारी |
| ६ | कुश्मावति मा.वि. | शु.न.पा.-७ | ५७६७.९ | १ वटा सहकारी |
| ७ | कुमारी आ.वि. | शु.न.पा.-५ | ९३०९८२.७७ | २ वटा सहकारी |
| ८ | शिला प्रा.वि. | शु.न.पा.-२ | ३२१७.४६ | १ वटा सहकारी |
| ९ | सरस्वती नमुना माध्यमिक | शु.न.पा.-७ | १४२०१४७.६४ | १ वटा सहकारी |
| १० | खैरेनी माध्यमिक विद्यालय | शु.न.पा.-६ | ४०७४५०७.९ | २ वटा सहकारी |
| ११ | श्रमिक आधारभुत विद्यालय | शु.न.पा.-२ | १११६५४०.५३ | - |
| | जम्मा | | १४२३२२६६.९२ | |

| सार्वजनिक विद्यालयको कोषको रकम नगद मौज्दात सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | मौज्दात रु. | कैफियत |
| १ | शहिदकृष्ण मा.वि. | २९५.५४ | |
| २ | पञ्चमुनिदेव मा.वि. | ७१२४८.२१ | |
| ३ | शिला प्रा.वि. | ५६१११.०० | |
| ४ | कुश्मावती मा.वि. | १५०००.०० | |
| ५ | दिवस मा.वि. | ११८५.१० | |
| ६ | अमरज्योति प्रा.वि | २६८२.०८ | |
| | जम्मा | १४६५२१.९३ | |

विद्यालयको कोषको रकम नजिकैको बैङ्कमा खाता खोली राख्नुपर्नेमा नियम विपरित जोखिमयुक्त सहकारीमा जम्मा गरेको तथा ठूलो रकम नगद मौज्दातको रुपमा राखेको देखिएकोले नियमानुसार बैंकबाट विद्यालयको कोषको सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ।

४२ **इन्टरनेट जडानः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१०.१३ - विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत स्थानीय तहले आधारभूत तथा माध्यमिक विद्यालयलाई इन्टरनेट जडानका लागि एकमुष्ट अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले ५६ विद्यालयमा इन्टरनेट जडानको लागि प्रति विद्यालय रु. १२ हजारका दरले रु. ६७२०००.०० अनुदान निकासा दिएकोमा स्थलगत लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपरको छलफलको अवधि २०८२ पौष ७ सम्म पनि ३ विद्यालयले इन्टरनेट जडान गरेको प्रमाण पेश गरेको नपाइएकोले ती विद्यालयमा निकासा भएको रु. ३६०००.०० को सम्बन्धमा प्रमाण पेश हुनुपर्दछ अन्यथा सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

| क्र.सं. | विद्यालयको नाम | निकासा रु. | कैफियत |
|---|---|---|---|
| १ | बालज्योति प्रा.वि. | १२००० | |
| २ | अन्नपूर्ण प्रा.वि. | १२००० | |
| ३ | कालिका प्रा.वि. | १२००० | |
| | जम्मा | ३६००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,००० |

४३ **सेनिटरी प्याड खरिदः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१३.२३ - सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान अन्तर्गत सामुदायिक विद्यालयमा कक्षा ६ - १२ मा अध्ययनरत छात्राहरुको लागि निःशुल्क सेनिटरी प्याड वितरण गर्न पालिका र खरिद प्रक्रियमा सबैभन्दा घटी दररेट पेश गर्ने रिजाल सेनिटरी प्याड उद्योगबीच प्रति प्याकेट (८ थान) मूल्य अभिवृद्धि कर बाहेक रु. ७० दरमा खरिद सम्झौता भएको र निज आपूर्तिकर्ताले १२००० प्याकेट सेनिटरी प्याड आपूर्ति गरेकोमा पालिकाले भौचर नं. ३२१ - ०८२।०३।२५ बाट रु. ९४९२००.०० भुक्तानी गरेको छ।

**सेनिटरी प्याडको मौज्दातः** खरिद गरिएका सेनिटरी प्याड सम्बन्धित विद्यालयमा हस्तान्तरण गरी आवश्यक परेको समयमा छात्राहरुलाई सहज वितरणको सुनिश्चितता हुनुपर्दछ। पालिकाले यस वर्ष १२००० प्याकेट सेनिटरी प्याड खरिद गरेको र पालिकामा

६ कक्षा भन्दा माथि पढाइ हुने २१ विद्यालय रहेकोमा स्थलगत लेखापरीक्षणको अवधि (०८२।०८।०७) सम्म ११ वटा विद्यालयमा गरी ७६०० प्याकेट मात्रै हस्तान्तरण भएको पाइयो। यस वर्ष खरिद गरिएका सेनिटरी प्याड मध्ये ४४०० प्याकेट अझै हस्तान्तरण हुन बाँकी रहेको पालिकाले जानकारी गराएको छ। खरिद गरिएका सेनिटरी प्याडको सदुपयोग हुनेगरी खरिद तथा हस्तान्तरण हुनुपर्दछ।

४४ **सिकाइ सामग्री वितरण नभएकोः**

सरकारी रकम खर्च गरी खरिद गरिएको मालसामानको उपयोगिता सुनिश्चित हुनुपर्दछ। पालिकाले यस वर्ष विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालयहरुमा वितरण गर्न १ - ३ कक्षाका गणित तथा भाषा क्षेत्रका थप सिकाइ सामग्री छपाई गरी भौचर नं. २८२ - ०८२।०३।१९ बाट प्रति सेट रु. ८९३६.०० का दरले ५० सेटको रु. ४४६८००.०० खर्च लेखेको छ। स्थलगत लेखापरीक्षण पश्चात् प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपरको छलफलको अवधि २०८२ पौष ७ सम्ममा ४७ सेट सिकाइ सामग्री वितरण गरेको छ भने रु. २६८०८.०० बराबरको ३ सेट सिकाई सामग्री वितरण नभई शिक्षा शाखामा भण्डारण गरी राखेको पाइयो। तसर्थ वितरण हुन बाँकी ३ सेट सिकाई सामग्री सम्बन्धित विद्यालयमा वितरण भएको प्रमाण पेश हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,८०८ |

४५ **विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिकः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१०.१३ - विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत स्थानीय तहले आधारभूत तथा माध्यमिक विद्यालयलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवं अतिरिक्त कृयाकलाप सञ्चालनका लागि एकमुष्ट अनुदान दिने, विद्यालयले सरोकारवालाहरु समेतको सहभागितामा विद्यालय सुधार योजना तयारी पश्चात् स्वीकृत गराउने, स्वीकृत योजनाको एक प्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने र स्थानीय तहको वेबसाइटमा प्रकाशन गर्ने साथै विद्यालयले योजना कार्यान्वयनको प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने कार्यको लागि आधारभूत तह सञ्चालित ३९ विद्यालयलाई रु. १५ हजारका दरले रु. ५८५०००.०० र माध्यमिक तह सञ्चालित १७ विद्यालयलाई रु. २० हजारका दरले रु. ३४००००.०० समेत रु. ९२५०००.०० अनुदान निकासा दिएकोमा स्थलगत लेखापरीक्षण अवधि २०८२ मंशिर ७ सम्म २४ विद्यालयले विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरी स्वीकृत गराएको र कार्यान्वयनको प्रगति प्रतिवेदन पेश गरेको नदेखिएकोले उल्लेखित प्रमाण पेश हुनुपर्ने अन्यथा ती विद्यालयमा निम्नानुसार निकासा भएको रु. ३८००००.०० सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | निकासा रु. | कैफियत |
|---|---|---|---|
| १ | अम्मरज्योति मा.वि. | २०००० | |
| २ | जनकल्याण प्रा.वि. | १५००० | |
| ३ | अम्मरज्योति प्रा.वि. | १५००० | |
| ४ | शुक्ला प्रा.वि. | १५००० | |
| ५ | कालिका प्रा.वि. | १५००० | |
| ६ | वाराही प्रा.वि. | १५००० | |
| ७ | अन्नपूर्ण प्रा.वि. | १५००० | |
| ८ | दुर्गा प्रा.वि. | १५००० | |
| ९ | छब्दी मा.वि. | २०००० | |
| १० | सूर्य प्रा.वि. | १५००० | |
| ११ | पशुपति प्रा.वि. | १५००० | |
| १२ | रजस्थल प्रा.वि. | १५००० | |
| १३ | शुक्ला प्रा.वि. | १५००० | |
| १४ | संगम प्रा.वि. | १५००० | |
| १५ | महेन्द्र मा.वि. | २०००० | |
| १६ | कालिका प्रा.वि. | १५००० | |
| १७ | जानकी प्रा.वि. | १५००० | |
| १८ | नारायण प्रा.वि. | १५००० | |
| १९ | सरस्वती प्रा.वि. | १५००० | |
| २० | बालज्योति प्रा.वि. | १५००० | |
| २१ | जनप्रेमी मा.वि. | २०००० | |
| २२ | जनज्योँति प्रा.वि. | १५००० | |
| २३ | बाराही प्रा.वि. | १५००० | |
| २४ | त्रिभुवन प्रा.वि. | १५००० | |
| | जम्मा | ३८०००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८०,००० |

४६ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाः**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल (पहिलो संशोधन - २०८१) को परिच्छेद ३.३ अनुसार परियोजना अन्तर्गत तोकिएको पकेट विकास कार्यक्रम सञ्चालन गर्ने, देखिएका समस्या समाधानमा सहजीकरण गर्ने, अनुगमन गर्ने र सञ्चालित पकेटको प्रोफाइल तयार गर्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ। सोही म्यानुअलको परिच्छेद ४.१.१३(ख) मा स्थानीय तहले तोकिएको अवधि र ढाँचामा सञ्चालित पकेट विकास कार्यक्रमको प्रगति प्रतिवेदन र पकेट प्रोफाइल तयारी तथा

अद्यावधिक गरी जिल्लास्थित परियोजना कार्यान्वयन एकाइमा पेश गर्नुपर्ने व्यवस्था छ। परियोजना अन्तर्गत पालिकामा यस वर्ष सुन्तला जात पकेट विकास कार्यक्रमको लागि रु. १२ लाख विनियोजन भएकोमा रु. १२ लाख र आलु पकेट विकास कार्यक्रमको लागि रु. १२ लाख विनियोजन भएकोमा रु. ९ लाख ६९ हजार समेत जम्मा रु. २१ लाख ६९ हजार खर्च भएको छ। पालिकाले परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिमको प्रगति प्रतिवेदन र पकेट प्रोफाइल तयार गरी तोकिएको निकायमा पेश गरेको नदेखिँदा सञ्चालित पकेट विकास कार्यक्रमको प्रभावकारिता सुनिश्चित हुनेगरी कार्यक्रमको सञ्चालन, अनुगमन तथा नियमित प्रतिवेदन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४७ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को प्रस्तावनामा स्थानीय तहमा लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउनु गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको उद्देश्य रहेको उल्लेख छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत यस वर्ष पालिकालाई संघीय सशर्त अनुदान रु. १३ लाख विनियोजन भएकोमा पालिकाले तपशिल बमोजिम रु. १० लाख ७९ हजार ५७५ खर्च गरेको छ।

| क.सं. | कार्यक्रम /प्याकेजको नाम | विस्तृत विवरण | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १ | उद्यम विकास सहजकर्ताको तलब, चाडपर्व खर्च र पोषाक भत्ता | १ जनालाई | ३२९०२० | (सहायक चौथो तह) |
| २ | नयाँ उद्यमी सिर्जना तर्फ (हस्तकला सामग्री तयार पार्ने तालिम | (२३ जनालाई ७ दिन) | १९१७७५ | वडा नं. ९ |
| | नया उद्यमी सिर्जना तर्फ आवश्यक तालिम सामग्री तथा औजार | २३ जनालाई | ८०३८५ | वडा नं. ९ |
| ३ | उद्यमशीलता विकास तालिम | (२९ जनालाई ८ दिन) | ७२००० | वडा नं. ९ |
| ४ | लघु वित्तमा पँहुच नयाँ तथा पुराना उद्यमीलाई अभिमूखीकरण | ६६जना | ६३८४५ | वडा नं. ९ |
| ५ | बजारीकरण सहायता कार्यक्रम | ५० जनालाई | ६९१४५ | वडा नं. ९ |
| ६ | पुराना उद्यमीहरुलाई विउविजन तथा प्रविधि वितरण | ११ जना | ४९५४० | |
| ७ | सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम | | २९६२० | वडा नं. ९ |
| ८ | उद्यम विकास सहजकर्ताको पोसाक र भ्रमण भत्ता | | ३६७०० | |
| ९ | आवश्यक सामग्री र लजिस्टिक सपोर्ट | २२ | १५७५४५ | पुराना उद्यमीलाई |
| | जम्मा खर्च रु. | | १०७९५७५ | |

तालिमबाट उत्पादित सामग्रीको बिक्री वा जिन्सी दाखिलाः गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम तोकिएबमोजिमको राजस्व खातामा जम्मा गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि बिक्री नभएमा स्टोर दाखिला गरी यथाशिघ्र लिलाम बिक्री गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. २०८१।८२ मा हस्तकला सम्बन्धी सामग्री बनाउने सीप विकास तालिम सञ्चालन गरेकोमा उल्लेखित तालिमबाट उत्पादित सामग्रीहरुको बिक्री तथा जिन्सी दाखिला सम्बन्धमा कुनै पनि अभिलेख राखेको छैन। केही सामग्रीहरु तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई नै निःशुल्क वितरण गरेको मौखिक जानकारी स्थलगत लेखापरीक्षणको क्रममा प्राप्त भएको छ। यसबाट एकातिर गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को पालना भएको छैन भने अर्कोतिर यसरी सञ्चालन भएका तालिमहरु व्यवसायिक उद्यमशीलता विकासमा प्रभावकारी नहुने भएकोले निर्देशिकाको पूर्ण पालना गरेर कार्यक्रम सञ्चालन गर्नुगराउनुपर्दछ।

४८ **सुरक्षित आप्रवासन कार्यक्रमः**

नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई राज्यको संयन्त्रबाट संरक्षण प्रदान गरी सुरक्षित तथा मर्यादित कार्य वातावरणबाट लाभान्वित बनाउनु सुरक्षित आप्रवासन कार्यक्रमको लक्ष्य रहेको छ। संघीय सशर्त अन्तर्गत यस कार्यक्रमको लागि पालिकामा विनियोजित बजेट रु. ९ लाख ६१ हजार मध्येबाट रु. ९ लाख ५० हजार ४५८ खर्च भएको बेहोरा तपशिल बमोजिम रहेको छ।

| क्र.सं. | खर्चको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | तलब भत्ता खर्च | ४६९५४८ | २ जनालाई |
| २ | वित्तीय साक्षरता कार्यक्रम सञ्चालन खर्च | २३०९९० | |
| ३ | मनोसामाजिक परामर्श तथा अभिमूखीकरण | १६७८२० | |
| ४ | वित्तीय सहजकर्ता र मनोपरामर्शकर्ताको दै.भ्र.भ. तथा यातायात | ८२१०० | |
| | जम्मा खर्च रु. | ९५०४५८ | |

उपर्युक्त विवरण अनुसार कार्यक्रममा भएको कुल खर्चको आधाभन्दा बढी रकम वित्तीय सहजकर्ता तथा मनोसामाजिक परामर्शकर्ताको तलब भत्तामा खर्च भएको देखिन्छ। सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ मा उल्लेख भएको व्यवस्था अनुसार कार्यक्रमको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गरी प्रभावकारी रुपमा कार्यान्वियनको लागि पालिकाले आवश्यक पहल गर्नुपर्दछ र सम्बन्धित निकायमा नियमित रुपमा प्रगति प्रतिवेदन समेत पेश गर्नुपर्दछ।

४९ **प्याराग्लाइडिङ सम्भाव्यता अध्ययनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नुअघि सम्बन्धित परामर्श सेवाको कार्यक्षेत्रगत शर्तको आधारमा लागत अनुमान तयार गर्नुपर्ने र नियम १२४ मा सार्वजनिक निकायले सम्झौता बमोजिम सम्पन्न कार्य स्वीकार गरेपछि निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले प्याराग्लाइडिङ सम्भाव्यता अध्ययनको लागि रु. ८५००० भुक्तानी गर्ने शर्तमा पाइलट याम बहादुर खत्रीसँग वडा नं. ११ का तत्कालीन वडा सचिव गोविन्द प्रसाद तिवारीले २०८१ फागुन २१ मा गरेको सम्झौताको आधारमा बहालवाला वडा सचिव सहवीर थापालाई सोधभर्ना स्वरुप भौचर नं. १४४७ - ०८२।०३।२५ बाट रु. ७५०००.०० भुक्तानी गरेको छ। यसरी प्याराग्लाइडिङ सम्भाव्यता अध्ययन जस्तो गम्भीर र प्राविधिक विषयमा परामर्श सेवा खरिद गर्नु अघि कार्यक्षेत्रगत शर्त तोकी लागत अनुमान तयारी तथा स्वीकृत नगरेको र अन्तिम भुक्तानी गर्नु अघि सम्झौताको शर्त नं. ६ अनुसार कार्य सम्पन्न प्रतिवेदन समेत पेश नगरेको देखिएकोले प्याराग्लाइडिङ सम्भाव्यता अध्ययन शिर्षकमा भएको खर्च नियम सम्मत देखिँदैन। तसर्थ प्याराग्लाइडिङ सम्भाव्यता अध्ययन सम्बन्धमा कार्यसम्पन्न प्रतिवेदन सहित नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ७५,००० |

५० **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले सबै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमुलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन गर्ने भूमिका स्थानीय तहको हुने उल्लेख छ। पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्दछ। कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकामा सिँढी बाटो निर्माण, नाला सरसफाइ र चौतारो निर्माण लगायतका ८ वटा आयोजना सञ्चालन भएको पाइयो। सूचीकृत बेरोजगार १४९ जना रहेकोमा रोजगारीका लागि छनोट भएका १३७ जनाले यस वर्ष पालिकामा सञ्चालित आयोजनाबाट औसत २४ दिनका दरले जम्मा ३३१७ दिन रोजगारी प्राप्त गरेका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पालिकामा विनियोजित बजेट रु. ६६ लाख ८६ हजार मध्ये श्रमिकको ज्याला बापत कुल रु. २२ लाख १५ हजार भुक्तानी भएकोमा प्रशासनिक र कार्यक्रम खर्च समेत रु. ३० लाख ७२ हजार खर्च भएको छ। कार्यक्रम अन्तर्गत भएको खर्चबाट लक्षित

वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि दीर्घकालीन रोजगारी सिर्जना र स्थानीय विकास निर्माणका कामको दीगोपना अभिवृद्धिमा प्रभावकारी योगदान पुगेको देखिँदैन। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्नअनुसार छन्।

५०.१ **श्रमिकको ज्याला भुक्तानीः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका - २०७५ को दफा २७(२) अनुसार लाभग्राहीलाई ज्यालाको भुक्तानी मासिक रुपमा गर्नुपर्नेमा पालिकाले यस वर्ष सञ्चालित आयोजनामा खटिएका श्रमिकहरुलाई मासिक रुपमा ज्याला बापतको भुक्तानी नगरी आर्थिक वर्षको अन्त्यमा एकमुष्ट भुक्तानी गरेको पाइयो। निर्देशिकाको व्यवस्था अनुसार मासिक रुपमा ज्याला भुक्तानी नहुँदा काममा खटिएका लाभग्राहीको दैनिक जीवनयापन आर्थिक रुपले कठिन हुन जाने हुँदा मासिक रुपमा नियमित ज्याला भुक्तानीको व्यवस्था मिलाउनुपर्दछ।

५०.२ **प्रगति समीक्षा र प्रतिवेदनः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका - २०७५ को दफा ७३(४) मा सम्बन्धित गाउँकार्यपालिका वा नगरकार्यपालिकाले आफ्नो क्षेत्रभित्रका कार्यक्रमहरुको चौमासिक तथा वार्षिक रुपमा समीक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले चालु आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरुको नियमित रुपमा आवधिक समीक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गरेको पाइएन। निर्देशिकामा उल्लेखित व्यवस्थाको पालना गरी कार्यक्रमको प्रभावकारिता प्रवर्द्धन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५०.३ **शिर्षक फरक पारी खर्चः** संघीय सशर्त तर्फको बजेट तोकिएको कार्यमा मात्र खर्च लख्नुपर्दछ भने खर्च नभई बाँकी रहेको रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रको लागि मसलन्द खर्च शिर्षकमा विनियोजित बजेट रु. १ लाख मध्येबाट ईन्धन खर्च, भ्रमण खर्च, फर्निचर खरिद लगायतमा विभिन्न १२ वटा भौचरबाट भुक्तानी गरी रु. ९४०३०.०० खर्च लेखेको छ। फरक फरक समयमा भएका खर्चको एकमुष्ट भुक्तानी गरेको पालकाले जनाए तापनि कार्यक्रम अन्तर्गत सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन तथा निरीक्षण शिर्षकमा छुट्टै बजेट विनियोजन भएको अवस्थामा रोजगार सेवा केन्द्रको लागि मसलन्द खरिद शिर्षकमा विनियोजित बजेटबाट शिर्षक भन्दा फरक प्रोजनमा खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ९४,०३० |

५१ **युवा तथा खेलकुद विकासः**

गण्डकी प्रदेशको 'प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने उल्लेख छ। तसर्थ बजेट विनियोजन तथा खर्च गर्दा आर्थिक तथा सामाजिक लाभ उच्च हुने उत्पादनमुलक प्रकृतिको कार्यक्रमहरुमा औचित्य पुष्टी हुने गरी स्रोत परिचालन गर्नुपर्दछ। पालिकाले यस आ.व.मा खेलकुद सामाग्री वितरण,युवा तथा खेलकुद कार्यक्रम,माग बमोजिमका प्रतियोगिता सञ्चालन खर्च,राष्ट्रपति रनिङ्गशिल प्रतियोगिता,विभिन्न युवा क्लबहरु समेत युवा तथा खेलकुद विकास सम्बद्ध शिर्षकमा पालिका स्तरीय र वडागत रुपमा गरी जम्मा रु. ५७ लाख ४ हजार बजेट विनियोजन गरेकोमा अधिकांश रुपमा ससाना र पटके खेलकुद कार्यक्रमको लागि भुक्तानी गरी रु. ४८ लाख ७९ हजार खर्च लेखेको छ। पालिकले वडा तथा पालिका स्तरीय खेलकुद विकासको लागि हालसम्म कुनै पनि कार्ययोजना बनाएको छैन भने टोल स्तरीय, विद्यालय स्तरीय, वडा स्तरीय र पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धमा कार्यविधि र वार्षिक क्यालेण्डर समेत बनाएको छैन। तसर्थ खेलकुद विकास सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्दा कार्यविधि र वार्षिक क्यालेण्डर बनाई निश्चित विधि र प्रकृयाको आधारमा पारदर्शी रुपमा सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५२ **तालिमः**

तालिम तथा कार्यक्रम संचालन गर्दा तोकिएको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी संचालन गर्नु पर्दछ। नगरपालिका तथा वडा कार्यालयले यस आर्थिक वर्ष विभिन्न प्रकारका सिपमुलक,लक्षितमुलक तथा आयआर्जनमुलक तालिम सञ्चालन गरेको छ।नगरपालिकाले सञ्चालन गरेको तालिममा प्रशिक्षार्थी छनोटका आधार तथा प्रशिक्षकको योग्यता स्पष्ट रूपमा उल्लेख नगरेकाले छनोट प्रकिया पारदर्शी भएको देखिएन।कोटेशन प्रकियाबाट छनोट गरिएका तालिम प्रदायकले तालिम संचालनका लागि नियुक्त प्रशिक्षकहरूको योग्यता,अनुभव

तथा प्रमाणित कागजात नखुलाएकाले तालिमको गुणस्तर सुनिश्चित भएको यकिन गर्न सकिएन।तालिम संचालन पश्चात् प्रशिक्षार्थीहरु स्वरोजगार तथा आत्मनिर्भर भए नभएको सम्बन्धमा पालिकाले नियमित अनुगमन गरी तालिमको लक्ष्य पूरा हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।लेखापरीक्षणको क्रममा देखिएका केही उदाहरणहरू निम्न छन्।

| क्र. सं. | गो.भौ.नं./मिति | तालिमको विवरण | तालिम प्रदायक | खर्च रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४८०-०८१/१०/२९ | कफि बनाउने | पुष्पाञ्जली पोलिटेक्निक इन्स्टिच्युट | २४९६१७ | प्रशिक्षकको योग्यता र सहभागि छनोटको आधार नखुलेको। |
| २ | ५५०-०८१/११/२० | | | २९९९५० | |
| ३ | ५६०-०८१/१२/१५ | | | १९९७४८ | |
| ४ | ६८५-०८१/१२/१९ | | | ४९९६८६ | |
| ५ | ५५८-०८१/११/२५ | व्युटिसियन | | २९९६७६ | |
| ६ | ७८४-०८१/०१/१६ | कफि बनाउने | जीवनशान्ती ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | ३४९४८४ | |
| ७ | ८२८-०८२/०१/१२ | वारिष्टा तालिम | | २९९९०२ | |
| ८ | १२८६-०८२/०३/१९ | कफि बनाउने | सामना कन्सल्टेन्सी | १९९८०० | |
| ९ | १४७१-०८२/०३/२५ | वारिष्टा तालिम | | ७५००० | |
| १० | १३४७-०८२/३/२२ | साबुन बनाउने | | १४९००० | |
| ११ | ५२६-०८१/११/१२ | उद्धोष तालिम | नखुलेको | ९९६०० | |
| जम्मा | | | | २७२१४६३ | |

### ५३ जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराएकोः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्य तथा रोजगारी सिर्जना हुने तथा निर्माणपश्चात उपभोक्ता समितीलाई हस्तान्तरण गर्ने सकिने प्रकृतीका कार्यहरु को जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएको देखियो। पालिकाले ढोरबाराही मोटरमार्ग मर्मत कार्यको लागी रु. २४,००,०४९.८१ को लागत अनुमान बनाई रु. ७,२०,०००.०० नगरपालिकाले व्यहोर्ने र बाँकी रु. १६,८०,०००.०० सडक बोर्डबाट व्यहोर्ने गरी लागत अनुमान स्वीकृत गरेकोमा सो कालोपत्रे सडक मर्मत गर्न साँखे टोल बिकास संस्था सँग सो संस्थाको जनसहभागीता बिना सबै रकम भुक्तानी गर्ने गरी सम्झौता गरेको पाईयो। सार्वजनिक खरिद ऐन तथा नियमले जनसहभागिता समावेश भएमा निर्मित संरचनामा उपभोक्ताको अपनत्व हुने र संचालन तथा संरक्षणका कार्यमा समेत सहज हुने उद्देश्यका साथ उपभोक्ता समितिबाट कार्य गराउने गरी व्यवस्था गरेकोमा निजको जनसहभागिता बिना उपभोक्ता समितिबाट निर्माण कार्य गराउनु कानुन सम्मत देखिएन। साँखे टोल बिकास संस्थाले रु. २३,९२,९३१.८५ को कार्य कार्य गरेको मुल्याङ्कन गरि गो.भौ. नं ५१७ मिति २०८१।०२।०१ बाट रु. ६,९६,३४३.०० र गो.भौ. नं. २० मिति २०८१।०६।१८ बाट रु. १६,३२,९७३.३० (कन्टिन्जेन्सी बाहेक) गरी कुल रु. २३,२९,३१६.३० भुक्तानी गरेको पाईयो। अनुभव र व्यवसायिक ज्ञान भएका निर्माण व्यवसायीबाट गराउनु पर्ने कार्य यसरी उपभोक्ता समितिबाट गराउँदा काममा गुणस्तर नहुने र वास्तविक लाभग्राहीले सो काममा अपनत्व समेत बोध गर्ने अवस्था नहुने हुदा यस्तो कार्य उपभोक्ता समिति मार्फत हुनु नियम सम्मत देखिँदैन। उपभोक्ता समितिबाट निर्माण हुने संरचनामा जनसहभागिताको अंस समावेश गरी कुल मुल्याङ्कित कामबाट सो जनसहभागिताको अंस कट्टि गरी बाँकी मात्र भुक्तानी दिनु पर्नेमा मुल्याङ्कन अनुसारको पुरै रकम भुक्तानी दिएको देखियो। पालिकाले उपभोक्ता समितिबाट निर्माण हुने संरचनामा कट्टि गर्नु पर्ने जनसहभागिताको अंस सम्बन्धि मापदण्ड अनुसार हुने रकम सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल गरी यसरी जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी भएको बाँकी भुक्तानी भएको रकम नियमित गर्नु पर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | २३,२९,३१६ |

### ५४ ठेक्का नं २०८०/८१-१८ (हर्कपुर मोटर मार्ग):

पालिकाको बन्केवा चोक अमिलेपानी सडक खण्ड कालोपत्रे गर्ने कार्यको लागि रु २,०१,६७,७३०.२५ को लागत अनुमान बनाई वोलपत्र आह्वान गरेकोमा सो कार्यको लागि न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रको रुपमा निर्माण व्यवसायी श्री पासा कन्सट्रक्सन प्रा.लि. सँग रु. १,४६,५७,९४१.६९ कवोल रकममा मिति २०८२।०१।२१ भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०८१/०१/१३ मा सम्झौता गरेको पाईयो । निर्माण व्यवसायीले निर्माण सम्पन्न गरी मिति २०८२।०१।२६ मा अन्तिम बिल भुक्तानी लिएको मा यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।

५४.१ **लागत अनुमान सार्वजनिक गरी सूचना प्रकाशनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१क.(१) मा सार्वजनिक नियकायले कुनै योग्यता आवश्यक नपर्ने प्रकृतिको दुई करोड रुपैँयासम्मको लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नु पर्दा लागत अनुमान सार्वजनिक गरी राष्ट्रिय स्तरको बोलपत्रको माध्यकद्वारा एकमुष्ट दर विधिको आधारमा प्रतिस्पर्धा गराई खरिद गर्न सक्ने व्यवस्था गरेको छ । दुई करोड भन्दा बढीको लागत अनुमान भएमा सुचना प्रकासन गर्दा लागत अनुमान सार्बजनिक नगरी आवश्यक योग्यता माग गरी योग्यताकका आधारमा बोलपत्रदाता छनौट गर्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले मिति २०८०।१०।१९ मा बोलपत्रको सुचना प्रकासन गर्दा सुचनामै दुई करोड भन्दा बढीको लागत अनुमान समेत सार्वजनिक गरी सुचना प्रकासन गरेको पाईयो । सुचनामा लागत अनुमान खुलाई सुचना सार्बजनिक गरेकोमा मिति २०८० फागुन ११ मा बिद्युतिय बोलपत्रमा संसोधन गरी सो निर्माण कार्यको लागी आवश्यक पर्ने योग्यता माग गरेको पाईयो । कार्यालयले सुरुमा दुई करोड भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यको लागी पुर्व योग्यता आवश्यक नपर्ने गरी सुचनामै लागत अनुमान सार्वजनिक गरी सुचना प्रकाशन गरेकोमा सो सुचना प्रकासन गरेको ३० औँ दिन अर्थात अन्तिम दिनमा मात्र योग्यता आवश्यक पर्ने भनी बोलपत्रमा संसोधन गरेको देखिदा कानुनले तोकेको सीमा भन्दा बढीको लागत अनुमान खुलाई सार्वजनिक सुचना प्रकासन गर्नु कानुन सम्मत देखिएन।

५४.२ **धरौटी कट्टिः** निर्माण कार्यको काम कारवाही सो कार्यको लागी गरिएको सम्झौता अनुसार गरिनु पर्दछ । निर्माण कार्यको लागी खरिद सम्झौता गर्दा सम्झौताको GCC ५५.१ मा धरौटी कट्टि SCC मा व्यवस्था गरे बमोजिम हुने उल्लेख गरेको छ । सम्झौताको SCC अन्तर्गत GCC ५५.१ मा The portion of payment retained is १५ percent उल्लेख गरेको पाईयो । निर्माण व्यवसायी पासा कन्सट्रक्सनलाई देहाय अनुसारको भुक्तनीमा सम्झौतामा उल्लेख भए अनुसार रनिङ्ग बिलको १५ प्रतिशतले हुने रकम धरौटी वापत भुक्तानी गर्नु पर्नेमा ५ प्रतिशत मात्र कट्टि गरेको देखिदा सम्झौतामा उल्लेख गरे भन्दा घटि हुने गरी कट्टि गरिएको रकम नियम सम्मत नदेखिएको रु.

| क्र.सं. | रनिङ्ग बिल नं . | रकम (मु.अ.कर बाहेक) | कट्टि भएको धरौटी | कट्टि हुनु पर्ने धरौटी (१५%) | घटी कट्टि |
|---|---|---|---|---|---|
| १ | प्रथम | १९००३१३ | ९५०१७ | २८५०४७ | १९००३० |
| २ | द्वतिय | ५६५३०३० | २८२६५२ | ८४७९५५ | ५६५३०३ |
| ३ | तृतिय | ५१०७०७६ | २५५३५३ | ७६६०६१ | ५१०७०८ |
| जम्मा | | १२६६०४१९ | ६३३०२२ | १८९९०६३ | १२६६०४१ |

| अनियमित भएको | १२,६६,०४१ |
|---|---|

५४.३ **बढी पेश्की भुक्तानीमा व्याजः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ र खरिद सम्झौताबमोजिम पेश्की रकम खाम्ने गरी बैंक जमानत लिई पेश्की दिदा पेश्की जनाई बजेट खर्च लेख्नुपर्दछ । कार्यालयले निर्माण व्यवसायीलाई भुक्तानी गरेक पेश्की सो पेश्की वापत राखिएको पेश्की जमानतको अवधी समाप्त हुनु अगावै फस्र्यौट गरि सक्नु पर्नेमा सो नगरी म्याद समाप्त भएको अवस्थामा समेत फस्र्यौट नगरी राखेको पाईयो । निर्माण व्यवसायीले पेश गरेको दुई वटा पेश्की जमानतको म्याद मिती २०८१ श्रावण २० र मिति २०८१ माघ २४ मै समाप्त भए तापनी सो जमानतका आधारमा भएको पेश्की रकम कार्तिक र फागुन महिनामा मात्र फस्र्यौट गरेको पाईयो । कार्यालयले जमानतको म्याद समाप्त भएको दुई महिना पश्चात मात्र रनिङ्ग बिलबाट कट्टि गरेको देखिदा सो म्याद समाप्त भएको अवधीमा भुक्तानी भएको पेश्की जोखिममा राखेको देखिदा सो अवधीको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम वार्षिक १० प्रतिशतले हुने व्याज भुक्तानी दिनेलाई जिम्मेवार बनाई सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | निमर्माण व्यवसायी | पेश्की रकम | म्याद समाप्ती मिति | विल उठाएको मिति | अवधी | व्याज |
|---|---|---|---|---|---|---|
| १ | पासा कन्सट्रक्सन | १२९०५०० | २०८१।०४।२० | २०८१।०७।०७ | ८० दिन | २८२८५ |
| २ | पासा कन्सट्रक्सन | १२९०५०० | २०८१।१०।२४ | २०८२।११।२८ | ३४ दिन | १२०२१ |
| जम्मा | | | | | | ४०३०६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,३०६ |

५४.४ **कालोपत्रेमा क्षतीः** निर्माण व्यवसायीले कार्य सम्पन्न गरी सम्झौता अनुसारको सम्पुर्ण रकम भुक्तानी लगि सके पश्चात यस हर्कपुर मोटर मार्गमा मिति २०८१।०२।०९ मा परेको पानीले क्षति पुर्‍याई सडक भासिन गई क्षति पुगेको पाईयो । यस सम्बन्धमा ईलाका प्रहरी कार्यालय, बेलचौतारा, तनहुँले समेत स्थलगत मुचुल्का गरी मिति २०८२।०३।१० मा प्रतिवेदन पेश गरेको पाईयो । निर्माण सम्पन्न भई त्रुटि सच्याउने अवस्थामा रहेको अवधिमा निर्माण व्यवसायीले नै सो कार्य गर्नु पर्ने भएको हुदा क्षति पुगेको सडक खण्डलाई पुनः निर्माण गर्नु पर्ने देखिएको छ । कार्यालयले उपलब्ध गराएको अभिलेख अनुसार सो सडकको १० मिटर लम्बाईमा कालो पत्रे लगायतका पेभमेन्टका सम्पुर्ण क्षति पुगेको देखिदा सो क्षतिको पुनः संरचना गरी त्रुटि सच्याउनु पर्ने रु.

| क्र.सं. | आईटम | विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १ | सव वेस | १०*२.५*०.१० | २.५ | १५०० | ३७५० |
| २ | वेस | १०*२.५*०.०८५ | २.१३ | २२०० | ४६८६ |
| ३ | प्राईमकोट | १०*२.५ | २५ | १४० | ३५०० |
| ४ | ट्ट्याक कोट | १०*२.५*०.५ | १२.५ | १३० | १६२५ |
| ५ | प्रिमिक्स कार्पेट | १०*२.५*०.०२ | ०.५ | १२५०० | ६२५० |
| ६ | सिल कोट | १०*२.५ | २५ | ६० | १५०० |
| जम्मा | | | | | २१३११ |
| मुल्य अभिबृद्धि कर | | | | | २७७०.४३ |
| कुल जम्मा | | | | | २४०८१.४३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,०८१ |

५५ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली - २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारीको क्रममा आवश्यकताको पहिचान, खरिद योजना तथा लागत अनुमान तयारी गर्नुपर्ने साथै नियम ११५ अनुसार सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी गराई स्वीकृत वा अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने र त्यस्तो प्रतिवेदनलाई खरिद कारबाहीको अभिलेखको रुपमा राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष तपशिल बमोजिमको औषधी खरिद गरेकोमा खरिद गर्नुअघि आवश्यकताको पहिचान र लागत अनुमान तयार गरेको पाइएन भने आपूर्ति भएको औषधीको प्राविधिक निरीक्षण वा परीक्षण गरी गराई निरीक्षण प्रतिवेदन तयारी र खरिद कारबाहीको अभिलेखको रुपमा राख्ने कार्य समेत गरेको छैन। आवश्यकताको पहिचान र लागत अनुमान तयारी बेगर खरिद गरी आपूर्ति भएको औषधीको गुणस्तर सम्बन्धमा सुनिश्चित हुन नियमावलीको व्यवस्था बमोजिम प्राविधिक निरीक्षण वा परीक्षण गराई प्रतिवेदन तयारी नगरी भुक्तानी गरेको रु. १८२९७२९.०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्दछ।

| क्र.सं. | खरिदको विवरण | आपूर्तिकर्ताको नाम | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ७५ आइटम औषधी खरिद | चुन चुन फार्मेशी | ११८१७९४ | ९४ - ०८१।१०।०९ |
| २ | २७ आइटम आयुर्वेदिक औषधी खरिद | कुशुम कृष्ण आयुर्वेद फर्मा | २४७९३५ | ३१ - ०८१।०६।१६ |
| | | | ४००००० | १०७ - ०८१।०६।१६ |
| | जम्मा खर्च रु. | | १८२९७२९ | |

| | |
|---|---|
| अनियमित भएको | १८,२९,७२९ |

५६ **पूर्व निर्धारित क्षतिपूर्तिः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक नियकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपुर्ती तिर्नु पर्ने व्यवस्था गरेको छ । साथै यस निर्माण कार्यको खरिद सम्झौताको SCC अन्तर्गत GCC ५५.१ मा समेत तोकिएको समयमा निर्माण सम्पन्न गर्न नसकेमा पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरिने व्यवस्था गरेको देखियो । यस पालिकाले मिति २०८१।०८।३० भित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेको वडा नं ६ भवन कार्यालय स्तरोन्नती कार्यको निर्माण कार्य तोकिएको समयावधी भित्र सम्पन्न भएको देखिएन । निर्माण व्यवसायी तनहुँ हाउजिङ्ग प्रा.लि. ले मिति २०८१।०९।२८ मा मात्र पालिकामा कार्य सम्पन्न गरेकोहुदा नापजाँच गरी भुक्तानी गरिदनुहुन भनी निवेदन पेश गरेको र निर्माण कार्यको ल्याव टेस्ट गरेको प्रतिवेदन समेत मिती २०८१।०९।२९ मा रहेको देखिदा सो निर्माण कार्य तोकिएको समय भन्दा ढिला हुने गरी सम्पन्न भएको देखिन्छ । निर्माण व्यवसायीको नापजाँच गरी भुक्तानी दिन अनुरोध गरेको पत्र मिति २०८१।०९।२९ मा मात्र यस कार्यालयमा दर्ता भएको देखिदा सम्झौताको म्याद समाप्ती मिती २०८१।०८।३० देखी मिती २०८१।०९।२९ सम्म २९ तोकिएको भन्दा २९ दिन ढिलाहुने गरी निर्माण सम्पन्न गरेको देखियो । निर्धारित समय भन्दा २९ दिन ढिला हुनेगरी भवन निर्माण सम्पन्न भएको देखिएकोले सम्झौता रकम रु १८०९५६०.०० (मु.अ.कर बहेक) को दैनिकी ०.०५ प्रतिशतले २९ दिनको हुने रु. २६,२३९.०० पुर्व निर्धारित क्षतिपुर्ति असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,२३९ |

५७ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धी तथा पारदर्शी रुपमा खरिद हुनुपर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले खरिदलाई प्रतिस्पर्धी बनाउन खरिद योजना बनाई प्याकेजिङ गर्न मिल्ने खरिदलाई प्याकेजिङ गर्नुपर्नेमा सो नगरी टुक्रा खरिद गरेको पाइयो। पालिकाले आ.व. २०८१।८२ मा मसलन्द तथा कार्यालय सामग्री,स्टेशनरी सामाग्री र पुस्तक पटक पटक सोझै खरिद गरी रु. ३३ लाख ३२ हजार खर्च गरेको पाइयो। सोझै खरिद गरिएका सामग्रीहरुको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा संकुचित हुन जाने र खरिदको लागत समेत बढ्ने हुनाले माग र आवश्यकताको विश्लेषणको आधारमा वार्षिक खरिद योजना र लागत अनुमान तयार गरी खरिद नियमावली बमोजिम प्रतिस्पर्धी तरिकाले खरिद गर्नुपर्दछ।

| मसलन्द,स्टेशनरी तथा कार्यालय सामग्री सोझै खरिद सम्बन्धी प्रमुख उदाहरणहरु | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आपूर्तिकर्ता | भौचर नं. | खर्च रु. | कैफियत |
| १ | मेघा इन्टरप्राइजेज | [४४ - ०८१।०६।२] | १३५२१५ | |
| | | [२७१ - ०८१।०८।२१] | ३९९२५० | |
| २ | स्कुल अफिस स्टेशनरी सप्लायर्स | [४४ - ०८१।०६।२] | ३८८४८३ | |
| | | [२७३ - ०८१।०८।२१] | ५५३४२७ | |
| ३ | द बुक्स बेरी | [१२९३ - ०८२।०३।१९] | १०३९७२ | |
| ४ | टि.एन.एस. इन्टरन्यास्नल सप्लायर्स | [१२९३ - ०८२।०३।१९] | ५६७४९५ | |
| ५ | सिग्देल अफिस प्रिन्ट | [८७६ - ०८२।०२।०१] | २६८००० | |
| | जम्मा रु. | | २४१५८४२ | |

५८ **डण्डी प्रयोग र ढलानको भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले पञ्चमुनी सडक ढलान व्यवस्थापन समितिलाई नाला ढलान तथा निर्माण कार्यको भुक्तानी गर्दा नाला निर्माणको लागी राखेको फलामे डण्डी भन्दा बढी लम्बाईमा सोलिङ्ग तथा आरसिसि गरेको देखाई भुक्तानी गरेको पाईयो । नाला निर्माणको लागी डण्डी अनिवार्य राख्नु पर्ने र सो डण्डी राखेको स्थानमा मात्र ढलान लगायतका अन्य कार्य गर्ने गरी लागत अनुमान गरेकोमा सो खण्डको सेक्सन २ मा ८७ मिटर लम्बाईमा मात्र डण्डी राखेको अवस्थामा समेत ८८.५० मीटरमा सोलिङ्ग तथा पिसिसि र आरसिसि कार्य सो भन्दा बढी लम्बाईमा गरेको भनी नापी गरी सो अनुसारनै भुक्तानी गरेको देखियो । नाला निर्माणमा फलाम नै नराखेको स्थानमा आरसिसि गर्न सकिने अवस्था नरहने हुदा सो डण्डीको लम्बाई भन्दा देहाय अनुसार बढी भएको रकम सम्बन्धित निर्माण उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु.

| कामको विवरण | लम्बाई | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| खन्ने कार्य | ८८ | १*१.३*०.७५=०.९७५ | ७०.८७ | ६९.१ |
| सोलिङ्ग | ८८.५ | १.५*१.३*०.१=०.१९५ | ६९६.१६ | ६९६.१६ |
| पिसिसि कार्य | ८८.५ | १.५*१.३*०.०५=०.०९७५ | ८१०.६१ | ८१०.६१ |
| प्लम कार्य | ८८.५ | २*१.५*०.५*०.२५=०.३७५ | ३२४४.६६ | ३२४४.६६ |
| पिसिसि फर आरसिसि | ८८.५ | १*१.२९*०.१०=०.१२९ | १२९५.७३ | १२९५.७३ |
| डण्डीको कार्य | ८७ | - | - | - |
| जम्मा | | | | ६११६.२५ |

| असुल गर्नुपर्ने | ६,११६ |
|---|---|

५९ **जमानतको म्याद समाप्त भए पश्चात् पेश्की फर्स्यौटः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ र खरिद सम्झौताबमोजिम पेश्की रकम खाम्ने गरी बैंक जमानत लिई पेश्की दिदा पेश्की जनाई बजेट खर्च लेख्नुपर्दछ । कार्यालयले निर्माण व्यवसायीलाई भुक्तानी गरेको पेश्की सो पेश्की वापत राखिएको पेश्की जमानतको अवधी समाप्त हुनु अगावै फर्स्यौट गरि सक्नु पर्नेमा सो नगरी म्याद समाप्त भएको अवस्थामा समेत फर्स्यौट नगरी राखेको पाईयो । सहिद लालध्वज मोटर मार्ग निर्माण कार्यको निर्माण व्यवसायीले पेश गरेको पेश्की जमानतको म्याद मिती २०८२ जेष्ठ २६ मै समाप्त भए तापनी सो जमानतका आधारमा भएको पेश्की रकम रु. २४१६०००.०० मिति २०८२।०३।२५ मा मात्र फर्स्यौट गरेको पाईयो । कार्यालयले जमानतको म्याद समाप्त भएको १ महिना पश्चात मात्र रनिङ्ग बिलबाट कट्टि गरी फर्स्यौट गरेको देखिदा सो म्याद समाप्त भएको अवधीमा एक महिनामा भुक्तानी भएको पेश्की जोखिममा राखेको देखिदा सो अवधीको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम वार्षिक १० प्रतिशतले रु. २४१६०००.०० को १ महिनाको हुने व्याज रु. १९,८५७.०० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १९,८५७ |
|---|---|

६० **फरक लम्बाईमा कार्यः**

फरक लम्बाईमा कार्यः दुलेगौडा लामागाउँ मोटरमार्ग अन्तर्गत गुरुङ्ग चौतारा र नागथानमा तोकिएको भन्दा १२०.२५ मिटर बढी लम्बाईमा कार्य गरेको । प्राविधिक पुष्ट्याई बेगर झाँगलान्दी मोड सुधारको १५० मिटर लम्बाई ४ मिटर चौडाईको रु. ६,६५,४००.०० को काम नै नगरी सो को सट्टा अन्य स्थानको कार्य तोकिएको भन्दा बढी लम्बाईमा गरेको पाईयो । यसरी प्राविधिक पुष्ट्याई र सिफारिस बेगर तोकिएको भन्दा बढी लम्बाईमा गरी देहाय अनुसार भुक्तानी गरेको रकमको प्राविधिक पुष्ट्याई सहित नियमित हुनु पर्ने रु.

| कामको विवरण | लम्बाई | चौडाई | उचाई | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| खन्ने कार्य | १२०.२५ | ४.७४ | ०.२५ | १४२.५ | १००. | १४२४९.६३ |
| सोलिङ्ग | १२०.२५ | ४.७४ | ०.१२ | ६८.४ | २२००. | १५०४७६.०४ |
| आरसिसि | १२०.२५ | ४.७४ | ०.१२ | ६८.४ | ६८००. | ४६५१०७.७६ |
| प्लाई | १२०.२५ | ४.७४ | - | ५६९.९९ | १००. | ५६९९८.५ |
| जम्मा | | | | | | ६८६८३१.९३ |

| | |
|---|---|
| अनियमित भएको | ६,८६,८३२ |

६१ **शहरी शासकीय पूर्वाधार विकास आयोजनाः**

दुलेगौडा लामा गाउँ सडक स्तरोन्नतीः- दुलेगौडा सडक अन्तर्गत दुलेगौडा – लिला चोक खण्डमा सडक खन्ने, सवग्रेड, सववेस कार्य, नाली निर्माण, आर.सि.सि. ढलान र अन्य संरचना निर्माण सँगै कालोपत्रे गरी सडक स्तरोन्नती कार्य गर्न सम्झौता मितिले १५ महिना भित्र कार्यसम्पन्न गर्ने गरी निर्माण व्यावसायी बानियाँ निर्माण प्रा. ली. सँग मिति २०८०।१२।१५ मा मू.अ. कर समेत रु. २७३४७९८३४.९९ मा सम्झौता भएकोमा प्रथम भेरिएशन बाट रु. २८१६३७९४४.४७ सम्झौता मूल्य कायम भएको छ। समयमा कार्य सम्पन्न नभएको कारण दोस्रो पटक २०८२ पौष ३ सम्म शुरु सम्झौता अवधिको झण्डै ४० प्रतिशत म्याद थप हुँदा आ.व. ०८१।८२ को अन्त्यसम्म प्रथम चालु बिल रु. २४१९३६०१.०० भुक्तानी भई ८.५९ प्रतिशत मात्र कार्य प्रगती भएको परामर्शदाताको प्रगति प्रतिवेदनबाट देखिन्छ। यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका बेहोराहरु निम्नानुसार छन्।

६१.१ **म्याद थपः** निर्माण व्यावसायीले विभिन्न कारण देखाई प्रथम पटक ६१ दिनको म्याद थप गरेकोमा दोस्रो पटक ड्रइङ डिजाइन स्वीकृतिमा ढिलाई, वर्षात, स्थानीय अबरोध, निर्मित संरचना क्षति लगायतका कारण देखाई ३६० दिन म्याद थप माग गरेकोमा ५९ दिन म्याद थप भएको छ। म्याद थप तथा थपिएको म्याद प्रमाणित हुने स्पष्ट आधार संलग्न भएको देखिएन। वैदेशिक सहयोगमा सञ्चालित यो आयोजना समयमा सम्पन्न हुन नसकेमा दातासँगको सम्झौता अवधि समाप्त भई कारारीय दायित्व भुक्तानी गर्न पालिकाको आन्तरिक स्रोतमाथि चाप पर्ने देखिँदा पटक पटक म्याद थपिरहनुभन्दा ठेक्का सम्झौताका शर्त बमोजिम यथाशिघ्र निर्माण कार्य सम्पन्न हुनुपर्ने देखिन्छ।

६१.२ **स्थलगत अवलोकनः** लेखापरीक्षणको क्रममा २०८२।०८।०८ मा पालिकाका प्राविधिक कर्मचारी समेत संलग्न लेखापरीक्षण टोलीबाट स्थलगत अवलोकन गर्दा निर्माण व्यवसायी न्युन मात्रामा परिचालन भएको, सेति नदीको पुल देखि नजिक झण्डै चेनेज नं. ०+५०० मिटर नजिक उचाई उच्च हुने गरी प्लम कंक्रिट माथि ग्याबिन पर्खाल लगाएकोमा उक्त स्थान भत्केको पाइयो। निर्माण व्यवसायीको छनौट गर्दा अस्फाल्ट पेभर, न्युम्याटिक रोलर, बिटुमिन डिष्ट्रीब्युटर, कंक्रिट ब्याचिङ प्लाण्ट, मेकानिकल ब्रुमर लगायतका उपकरण हुनुपर्ने उल्लेख भएकोमा परामर्शदाताको २०२५ डिसेम्बरको प्रतिवेदन अनुसार उल्लेखित उपकरण परिचालित नरहेको देखिँदा पटक पटक म्याद थप हुँदा समेत निर्माण व्यवसायी न्युन परिचालनको अवस्थामा रहेको पाइयो। न्युन परिचालनको कारण समयमा कार्यसम्पन्न हुने अवस्था नदेखिएकोले सार्वजनिक खरिद समबन्धी कानुन तथा सम्झौताका शर्त बमोजिम शिघ्र निर्माण कार्य सम्पन्न हुनुपर्दछ।



६२ **दोहोरो मु.अ.कर भुक्तानीः**

मुल्य अभिबृद्धि कर ऐन, २०५२ अनुसार मुल्य अभिबृद्धि करमा दर्ता भएको निर्माण व्यवसायी, आपुर्ति कर्ता तथा सेवा प्रदायकले मुल्य अभिबृद्धि कर लाग्ने बस्तु तथा सेवा उपलब्ध गराएमा नियमानुसार १३ प्रतिशतका दरले मु.अ.कर लाग्ने व्यवस्था गरेको छ । यस पालिका अन्तर्गत शहरी शासकीय पूर्वाधार विकास आयोजना अन्तर्गत दुलेगौँडा लामा गाउँ सडक स्तरोन्नति आयोजनाको डिजाईन तथा सुपरभिजन सम्बन्धि परामर्श दिने परामर्शदाता इटेको,एनआईइसी, युएनसी, बिएमसिएल जे.भी. ले मुल्य अभिबृद्धि कर समेत समावेश गरी पेश गरेको सोधभर्ना हुने खर्चको भुक्तानी गर्दा सो मुल्य अभिबृद्धि कर समेत समावेश भएको रकममा पुनः मुल्य अभिबृद्धि कर समावेश गरी भुक्तानी गरेको पाईयो । कार्यालयले १३औँ रनिङ्ग बिल सम्म सोधभर्ना हुने रकम रु. १७,१२,१००.०० र पिएस रकम रु. ७,६०,४२९.६० गरी कुल रु. २४,७२,५२९.६० मा पुन मुल्य अभिबृद्धि समाजेश गरी भुक्तानी गरेको देखिदा सो रकमको १३ प्रतिसतले हुने रु. ३,२१,४२९.०० बराबरको दोहोरो मु.अ.कर समावेश भएको देखिदा सो दोहोरो हुने गरी भुक्तानी भएको रकम सम्बन्धित परामर्शदाताबाट असुल गरी संघीय संचितकोष दाखिला हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२१,४२९ |

६३ **घटी मोटाईमा ग्राभेल गरेकोः**

सडकको स्पेसिफिकेशनबमोजिम सबबेसको परिमाणको भुक्तानी गर्नुपर्दछ । सहिद लालध्वज मोटरमार्ग चे.नं. ३+१७५ देखी ४+०५० सम्म ८७५ मिटर लम्बाईमा स्पेसिफिकेशन र लागत अनुमान अनुसार गर्नु पर्ने १० से.मी. मोटाईमा भन्दा पनि घटी हुने गरी ७.५ से.मी. मोटाईमा ग्राभेल कार्य गरेको पाईयो । सो खण्डमा तोकिएको भन्दा घटी मोटाईमा ग्राभेल गराई सो कार्यलाई स्वीकार गरी भुक्तानी समेत गरेकोले सो सडक खण्डमा तोकिएकोको स्पेसिफिकेसनबमोजिम कार्य भएको नदेखिएको र सोका कारण भार वहन क्षमता तथा सोको दिगोपनामा समेत असर पर्ने हुँदा प्राविधिक आधार बेगर घटी मोटाईमा कार्य गराएको मनासिब नदेखिएकोले ८७५ मिटर लम्बाई ५.३४ मिटर चौडाईमा ०.०७५ मिटर मोटाईमा ३५०.४४ घ.मी. प्रति घ.मी. रु. १५००.०० का दरले कुल रु. ५२५६६०.०० को मु.अ.कर. समेत हुने रु. ५९३९९६.०० रकमको प्राविधिक पुष्ट्याई सहित नियमित हुनु पर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ५,९३,९९६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : शुक्लागण्डकी नगरपालिका, तनहुँ , शुक्लागण्डकी नगरपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
| --- | --- | --- | --- |
| कार्यालय प्रमुख | रामचन्द्र लामगादे | २०८०-५-१७ | २०८२-०५-१५ |
| लेखा प्रमुख | कोपिला पौडेल | २०७६-९-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
| --- | --- | --- | --- | --- | --- |
| १९,३२८,३३४ | १९,७६७,६९८ | ७,०७२,८११ | ० | ० | १,३७२,०३७ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४७,५४०,८८० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ८,९२५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४७,५३१,९५५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ९०१५६०४६.०६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५७५११९५५४९.०५ | चालु खर्च | ५५२३०४०४६.३१ |
| प्रदेश सरकारबाट अनुदान | ४२९७०२८५.०७ | पूँजीगत खर्च | ३४३०१९४८३.३५ |
| राजश्व बाँडफाँट | ११६८८९६४४.०८ | वित्तीय/अन्य व्यवस्था | २८५७००३९७.५७ |
| आन्तरिक आय | १२९४९०४५१.१३ | | |
| अन्य आय | ३२६७८६१७१.०७ | | |
| कुल आय | ११९१३३२१००.४० | कुल खर्च | ११८१०२३९२७.२३ |
| बाँकी मौज्दात | | १००४६४२१९.२३ | |

**अनुसूची - २**

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

# शुक्लागण्डकी नगरपालिका

## आर्थिक वर्ष २०८१/०८२

### प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) २७० - १

| क.स./आर्थिक संकेत | विवरण | चालु आ.व.को कारोबार | | गत आ.व. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १६,९३,३०,०४२.९८ | १६,९३,३०,०४२.९८ | १६,७६,९३,०९०.४६ | १६,७६,९३,०९०.४६ |
| १३००० | अनुदान | ६१,०८,८४,९६०.५४ | ६१,०८,८४,९६०.५४ | ५४,७७,८७,५८७.८५ | ५४,७७,८७,५८७.८५ |
| १४००० | अन्य राजस्व | ११,८४,१३,५८०.०४ | ११,८४,१३,५८०.०४ | ९,१४,०८,७६३.९१ | ९,१४,०८,७६३.९१ |
| १५००० | विविध प्राप्ति | ३,८८,७२४.७६ | ३,८८,७२४.७६ | ४,९६,८१५.०० | ४,९६,८१५.०० |
| क | **कुल जम्मा प्राप्ति** | ८९,९०,१७,३०८.३२ | ८९,९०,१७,३०८.३२ | ८०,७३,८६,२५७.२२ | ८०,७३,८६,२५७.२२ |
| २ | चालु | ५५,२३,१५,६९६.३१ | ५५,२३,१५,६९६.३१ | ५३,५९,६६,३९८.९४ | ५३,५९,६६,३९८.९४ |
| २१००० | पारिश्रमिक / सुविधा | ९,९३,३७,०५७.९६ | ९,९३,३७,०५७.९६ | ९,८३,२०,५९८.४० | ९,८३,२०,५९८.४० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १६,४३,०३,०७७.३५ | १६,४३,०३,०७७.३५ | १५,१६,४१,५८९.५४ | १५,१६,४१,५८९.५४ |
| २५००० | सहायता (Subsidy) | ६८,५९,७९४.०० | ६८,५९,७९४.०० | ९०,४४,३१७.०० | ९०,४४,३१७.०० |
| २६००० | अनुदान | २७,३७,९४,४५३.०० | २७,३७,९४,४५३.०० | २७,२८,९८,४४४.०० | २७,२८,९८,४४४.०० |
| २७००० | सामाजिक सुरक्षा | ७२,४७,७७५.०० | ७२,४७,७७५.०० | ३६,२६,६५७.०० | ३६,२६,६५७.०० |
| २८००० | अन्य खर्च | ७,७३,५३९.०० | ७,७३,५३९.०० | ४,३४,७९३.०० | ४,३४,७९३.०० |
| ४ | पूँजीगत | ३४,३०,१९,४८३.३५ | ३४,३०,१९,४८३.३५ | ३२,३३,६७,९३६.६६ | ३२,३३,६७,९३६.६६ |
| ३१११० | भवन तथा संरचना | ९९,६१३.०० | ९९,६१३.०० | ३,००,०००.०० | ३,००,०००.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४३,१२,३९०.०० | ४३,१२,३९०.०० | १,२३,०८६.०० | १,२३,०८६.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ६३,५६,५२३.०० | ६३,५६,५२३.०० | ८६,०६,२९०.०० | ८६,०६,२९०.०० |
| ३११५० | सार्वजनिक निर्माण | ३३,२२,५०,९५७.३५ | ३३,२२,५०,९५७.३५ | ३०,८०,५०,४९५.६६ | ३०,८०,५०,४९५.६६ |
| ३११६० | निर्मितसंरचनाको सुधार खर्च | ० | ० | ४,२९,२५०.०० | ४,२९,२५०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ० | ५८,५८,८१५.०० | ५८,५८,८१५.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ८९,५३,३५,१७९.६६ | ८९,५३,३५,१७९.६६ | ८५,९३,३४,३३५.६० | ८५,९३,३४,३३५.६० |
| ग) | **बचत /कमी (ग = क-ख )** | ३६,८२,१२८.६६ | ३६,८२,१२८.६६ | (५,१९,४८,०७८.३८) | (५,१९,४८,०७८.३८) |
| घ) | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको बध/घट (+/-)** | ६६,२६,०४४.५१ | ६६,२६,०४४.५१ | (२,१३,४७,०९७.१२) | (२,१३,४७,०९७.१२) |
| घ.१) | **कही रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | |
| ङ) | **यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग-घ)** | १,०३,०८,१७३.१७ | १,०३,०८,१७३.१७ | (७,३२,९५,१७५.५०) | (७,३२,९५,१७५.५०) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ९,०१,५६,०४६.०६ | ९,०१,५६,०४६.०६ | १६,३४,५१,२२१.५६ | १६,३४,५१,२२१.५६ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | १०,०४,६४,२१९.२३ | १०,०४,६४,२१९.२३ | ९,०१,५६,०४६.०६ | ९,०१,५६,०४६.०६ |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ।

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको सम्बन्धित मार्गदर्शनमा तोकिए बमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट व्यवस्थापन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ। नियमानुसार कर, दस्तुर तथा बहाल करको दायरा विस्तार गरी आन्तरिक आय सङ्कलनलाई वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानून बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूह बारे कानूनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष लाभ पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौता बमोजिमको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप गर्ने कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधि भित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम हुने गरी शिक्षकहरूको दरबन्दी समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएको देखिएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फछ्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फछ्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानून तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फछ्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फछ्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगत रूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रमका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह प्रणाली तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अद्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई सोही ऐनको दफा ७७(३) मा उल्लेख भए बमोजिम आन्तरिक लेखापरीक्षणको प्रतिवेदनले औंल्याएका कैफियत उपर अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।